# भूकम्प पछिको राहत वितरणमा संघसंस्थाको भूमिका : काठमाडौं कीर्तिपुर नगरपालिका ०६ को एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक
आवश्यकता पूरा गर्नको लागि
प्रस्तुत

**शोध पत्र**


शोधार्थी

**सुमन मरासिनी**

रोलनम्बर : ४२/२०७०-०७१
त्रि.वि. दर्ता नं.: ६-२-४९-२५३-२००८
**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौं**


२०७५

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**समाजशास्त्र, केन्द्रीय विभाग**
**कीर्तिपुर**

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्रविभागअन्तर्गत समाजशास्त्र संकाय विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा सुमन मरासिनीले **भूकम्प पछिको राहत वितरणमा सघसंस्थांको भूमिका : काठमाडौं कीर्तिपुर नगरपालिका ०६ को एक अध्ययन** विषयक शोधपत्र तयार गर्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...........................................

**डा. गुमान सिंह खत्री**
समाजशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय कीर्तिपुर

मितिः.........................

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**समाजशास्त्र**
**केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र अन्तर्गत छात्र सुमन मरासिनीले **भूकम्प पछिको राहत वितरणमा सघसंस्थांको भूमिका : काठमाडौं कीर्तिपुर नगरपालिका ०६ को एक अध्ययन**विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिका लागि उचित ठहराइएकोले स्वीकृत प्रदान गरिएको छ।

**शोधपत्र मूल्याङ्कन समिति**

**प्रा.डा. तुलसीराम पाण्डे** ............................
विभागीय प्रमुख

**उप-प्रा. सुदिपसिंह नकर्मी** ............................
बाह्य परीक्षक

**डा. गुमान सिंह खत्री**............................
शोधनिर्देशक

मितिः........................

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र केन्द्रिय विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्न तयार गरिएको **"भूकम्प पछिको राहत वितरणमा सघसंस्थांको भूमिका : काठमाडौं कीर्तिपुर नगरपालिका ०६ को एक अध्ययन**"मा मुख्यत कीर्तिपुर नगरपालिकामा तत्कालिन समयमा विभिन्न सरकारी, गैरसरकारी संस्थाहरुले राहत वितरण कार्य र वडा कार्यालयको राहत वितरण कार्यमा गरेको सहयोगी भूमिकाको बारेमा अध्ययन गर्ने जमर्को गरिएको छ ।

आफ्नो अमुल्य सुझाव, सल्लाह र पृष्ठपोषण प्रदान गरी मेरो यो अध्ययनमा सहयोगी भूमिका निभाउनु भएका गुरुहरु सुदिप सिंह नकर्मी, राम के.सी. डा. गुमान सिंह खत्री, डा. टिकाराम गौतम, दिपेश कुमार घिमिरे, डा. युवराज लुइटेल, प्राध्यापक मधुसुधन सुवेदी, डा. लोकरञ्जन पराजुली साथै विभागका अन्य गुरुहरु विभागीय प्रमुख प्राध्यापक डा. तुल्सीराम पाण्डेज्यूप्रति धन्यवाद ज्ञापन गर्न चाहुन्छु ।

यसका साथै मैले यस शोधपत्र लेख्दा हौसला प्रदान गर्ने मित्र यज्ञमुर्ति न्यौपाने आदरणीय आमावुवा, आदरणीय दाजु प्रदिप मरासिनीप्रति धन्यवाद ज्ञापन गर्न चाहान्छु । यसका साथै मेरा ति आदरणीय उत्तरदाता, वडा कार्यालयका कर्मचारी, वडाअध्यक्ष, त्यहाँ अवस्थिति जानकार व्यक्तिहरुप्रति धन्यवाद व्यक्त गर्न चाहान्छु ।

सुमन मरासिनी

# विषयसूची


| | पृष्ठ संख्या |
|---|---|
| **सिफारिस पत्र** | i |
| **स्वीकृति पत्र** | ii |
| **कृतज्ञता ज्ञापन** | iii |
| **विषय सूची** | iv-v |
| **तालिका सूची** | vi |
| **अध्याय एक : परिचय** | **१-७** |
| १.१. पृष्ठभूमिठ | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ७ |
| **अध्याय दुई : सन्दर्भ साहित्यको अध्ययन** | **८-१४** |
| २.१ सैद्धान्तिक समीक्षा | ८ |
| २.२ प्रयोगसिद्ध समीक्षा | १० |
| २.२.१ प्रकोप | १० |
| २.२.२ भुकम्प पछिको गतिविधि | १० |
| २.२.३ राहत वितरणका सम्बन्धमा | १२ |
| **अध्याय तिन : अनुसन्धान विधि** | **१५-१७** |
| ३.१ अध्ययन क्षेत्रको छनौट | १५ |
| ३.२ अनुसन्धान ढाँचा | १५ |
| ३.३ तथ्याङ्क सङ्कलनको स्रोत र प्रकृति | १५ |
| ३.४ अध्ययनको एकाई, अध्ययनको समग्रता र नमुना | १६ |
| ३.५ तथ्यांक संकलनका विधिहरु | १६ |
| ३.५.१ अन्तरवार्ता | १६ |
| ३.५.२ विशेष जनकारसँगको अन्तरवार्ता | १७ |
| ३.६ तथ्याङ्क विश्लेषण | १७ |
| **अध्याय चार : अध्ययन क्षेत्रको परिचय** | **१८-१९** |
| ४.१ उत्तरदाताको परिचय | १८ |

४.२ उत्तरदाताका शैक्षिक अवस्था १९

४.३ जाति/जनजाति १९

**अध्यायपाँच : तथ्याङ्क विश्लेषण २०-३५**

५.१. राहत सामग्री प्राप्त २०

५.२ राहत सामग्री प्राप्त गर्न लागेको समय २१

५.३ राहत सामग्री उपलब्ध गराउने संघसंस्था २२

५.४ सबभन्दा छिटो राहत सामग्री उपलब्ध गराउने संघसंस्था २३

५.५ राहत उपलब्ध गराउने सामाजिक संस्था २४

५.६ सामाजिक संस्थाले वितरण गरेको राहत सामाग्री २५

५.७ राहत वितरणमा एकरुपता २६

५.८ गैर पिडीतको सहयोग २७

५.९ राजनैतिक शक्तिले गैर पीडितले राहत प्राप्त २८

५.१०सबैभन्दा पहिला कुन सरकारी निकायबाट राहत प्राप्त २९

५.११वडा कार्यालयबाट राहत प्राप्त सम्बन्धी ३१

५.१२ वडा कार्यालयले कस्तो राहत प्रदान गऱ्यो ३१

५.१३ वडा कार्यालयले कति पछि राहत वितरण गऱ्यो ३२

५.१४ भूकम्प पछिको वर्ग ३३

५.१५ पुनर्निर्माणको किस्ता प्राप्त ३४

५.१६ किस्ता लिन समस्या आए ३५

**अध्यायछ : सारांश र निष्कर्ष ३६-३९**

६.१ सारांश ३६

६.२ निष्कर्ष ३८

**सन्दर्भ सामग्रीहरू ४०-४१**

**अनुसूची १ : प्रश्नावली सूची ४२-४४**

# तालिका सूची


तालिका नं. ४.१ : उत्तरदाताको परिचय १८

तालिका नं. ४.२ : उत्तरदाताको शिक्षा १९

तालिका नं. ४.३ : उत्तरदाताको जातिगत विवरण १९

तालिका नं. ५.१: कुन वर्गमा हौ ३३

तालिका नं. ५.२ : किस्ता प्राप्त ३४

तालिका नं. ५.३ : किस्ता लिंदा समस्या आए ३५

# अध्याय एक

# परिचय

## १.१. पृष्ठभूमिठ

अचानाक मानव समाज वा समुदायमा भौतिक र आर्थिक वा पर्यावरण आदिमा असर हुनुलाई प्राकृतिक प्रकोप भनिन्छ । यसले मूलत मानव ⁄ मानिसको दैनिक कार्यलाई असर पुऱ्याउँदछ (www.ifrc.org/len 2074) । असाधारण घटनाहरूले सामाजिकसङ्गठनमा अवरोध र मानव कार्यमा अवरोध पुऱ्याउने नै विपत्ति हो (olsen, 1992) । भूकम्प, सुनामी, बाढी , पहिरो, ज्वालामुखी, आँधिबेहरी, अनिकाल आदि गरी विभिन्न प्रकारका प्राकृतिक प्रकोप ⁄ विपत्ति हुन्छन् (Anthony, 2005)।

प्रकोप सामान्यतयाः 'प्राकृतिक' र 'मानव निर्मित' भनेर विभाजित छ । भूकम्पले पार्ने प्रभाव मानव समुदायमा पार्ने गर्दछ । प्राकृतिक घटना वा भूकम्पले कमजोर समुदायलाई बढी प्रभाव पार्दछ । गरीब सवैभन्दा महत्वपूर्ण कारक तत्व हो कमजोर समुदायकोः गरिब देश कमजोर पूर्वाधार र गरीब मान्छे खर्च गर्न सक्दैन र भूकम्प पछिको समयमा कमजोर समुदाले वा गरीब देशले केही गर्न सक्दैन (Anthony, 2005) ।

भूकम्पीय जोखिममा विश्वकै ११ औं स्थानमा रहेको नेपालले वर्षेनी भूकम्प लगायत बाढी, पहिरो, आगलागी, शितलहर, हिमपात, महामारी, दुर्घटना जस्ता प्राकृतिक र मानव सिर्जित विपदहरूको सामना गर्नु परिरहेको छ । विक्रम सम्वत् २०७२ साल वैशाख १२ गते गोरखा जिल्लाको वारपाक आसपासमा केन्द्रविन्दु बनाइ गरेको ७.७ रेक्टर स्केलको विनासकारी भूकम्प तथा त्यसपछिका पराकम्पनहरूबकाट राष्ट्रमा ठूलो धनजनको क्षति पुगेको र भूकम्पबाट राजधानी लगायत अनि प्रभावित १४ जिल्ला सहित ५७ जिल्लाहरू प्रभावित भएको र ८,८९१ जनाले ज्यान गुमाएको सरकारी तथ्याङ्क छ भने यसको असर भौतिक संरचनामा मात्र सिमित नरहि सामाजिक, मनोवैज्ञानिक क्षेत्रमा प्रभाव पारेको देखिन्छ (अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०७२) ।

भूकम्प पछि उद्धार, राहत र पुनःनिर्माणमा प्राकृतिक अर्थव्यवस्था प्रशासनको सम्भावना रहेको हुन्छ । प्रभावकारी र कुशल उद्धार, राहत र पुननिर्माण निश्चित राजनीतिक आर्थिक र प्रशासनिक परिपाटीको नेतृत्वबाट बढी हुन्छ । उद्धार, राहत र

पुनःनिर्माणमा नातेदार सम्बन्ध र समुदायको योगदान प्रभावकारी हुन्छ । यसरी विपत्ति स्वभाविक कारण भन्दा सामाजिक निर्माण हो । यसले समाजको प्रत्येक तहमा असर पुऱ्याएको हुन्छ। यसले सामाजिक सम्बन्धलाई प्रभावकारी बनाउँदछ (Mishra, 2015)।

भूकम्प विपत्ति पछि पहिलो प्राथमिकता राखि उद्धार कार्य हुन्छ । त्सपछि राहत वितरण कार्य र उद्धार सँगसँगै हुन्छ। भुकम्प पछि पहिला मानिसहरुलाई उद्धार र त्यसपछि तिनीहरुको लागि आवश्यक राहत सामाग्री वितरण गर्नुपर्दछ । यसका साथै भूकम्पपछि विशेषत उद्धार, राहत र पून निर्माणको कार्य हुने गर्दछ । (www.afterearthquake activities.2074)

विभिन्न मानवीय आपतकालीन अवस्थामा राहत आपूर्ति सञ्चालन गर्ने, पहिचान गर्ने, विपत्तिको अवस्थामा खाद्य, ओषधी, आश्रय, पानी र अन्य आवश्यक वस्तुहरूको समावेश गरी राहत वितरण गर्नु पर्दछ । आपतकालीन अवस्थामा राहत सञ्चालन गर्न स्थानीय सरकार, सेना आदि जिम्मेवार हुनुपर्दछ । आपतकालिन अवस्थामा उद्धार पछि प्रभावित क्षेत्रको आवश्यकता निर्धारण गरी राहत वितरण कार्यमा प्राथमिकता दिनु पर्दछ । राहत वितरण यातायात, रेलसडक आदिका माध्यमबाट वितरण गर्नुपर्दछ (M. Saffer, 2014)।

पिडीतहरूको जिवतै उद्धार, खोज तथा राहत सङ्कलन एवं वितरण कार्यलाई स्थानीयस्तरसम्म प्रभावकारी र व्यवस्थित बनाउन भूकम्प प्रभावित जिल्लाहरूका जिल्ल दैविक प्रकोप उद्धार समितिलाई समेत तत्काल परिचालन गर्ने गरी केन्द्रबाट निर्देशनत भएको थियो (अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०७२)।

महाभूकम्प गएको छैटौं दिन राहत र उद्धार गर्ने सरकारी टोलीहरू सिन्धुपाल्चोक, गोरखा, काभ्रे, नुवाकोट, धादिङ, दोलखा आदि ठाउँमा पुग्न थाले। सहज भूगोल र मौसमले हेलिकोप्टर ओर्लन सक्ने ठाउँमा राहत सामग्री पुग्न थाले। सडक पुगेको ठाउँमा गाडीबाट गाउँ, जिल्लामा राहत पुग्न थाले तर मोटरको पहुँच नभएको ठाउँमा कोही पुग्न सकेनन् । गोरखा जिल्ला स्थित सयरा गा.वि.स.मा महाभूकम्प गएको ९ दिनपछि मात्र केही राहत सो गाउँमा पुगेछ .उप्रेती, २०७२) ।नेपालको पहाडी, हिमाली भूगोल सडक पहुँचको अभाव, सडक भत्कने बिग्रने र पहिरोले सडक अवरुद्ध पारेकोले सरकारले तत्काल राहत पुऱ्याउन गाह्रो भयो । एयरपोर्टमा भरिएका राहत सामान पीडित समक्ष दुई हप्ता समय

वितिसक्दासम्म पनि पुग्न सकेनन् । काठमाडौंमा पुगे होला तर त्यो साँखुमा पनि पुग्न सकेन, साँखु काठमाडौं (रत्नपार्क)बाट नजिकै रहेको ठाउँ हो । गोगंबु, भट्टेडाँडा, बालाजु, मातातीर्थ आदि भूकम्प पिडीत स्थान एयरपोर्टबाट पाँच वा दश किलोमिटरभित्र छन्, तर बिडम्बना हप्तादिनसम्म त्यहाँ पनि राहत सामग्री र टोली पुग्दै पुगेनन् । तीन-चार दिनसम्म राहत र उद्धार काठमाडौं उपत्यकामै सीमित रहन पुग्यो (उप्रेती, २०७२) ।

सरकारी निकायहरूले पहिलो केही दिनमा पहिलो आउने आधारमा राहत वितरण गरेका थिए भने स्टक प्राप्त गर्न सक्ने क्षमता अभावका कारण प्राप्त राहत सामग्रीको दुरूपयोग भएको थियो । राहत वितरण गर्ने स्वयमंसेवकहरूले सडक पुगेको क्षेत्रमा राहत वितरण कार्यलाई प्राथमिकता दिंदा मानिसहरू एक वा दुई दिन हिँडेर राहत लिनको लागि पर्खेर बसे । भूकम्प पिडीतहरूलाई स्थनीय सरकारले कुपन प्रणालीबाट राहत वितरणमा जोड दिएको पाइयो । अन्तर्राष्ट्रिय र राष्ट्रिय सहायता एजेन्सीहरू, व्यावसायिक समूह, परोपकारी व्यक्ति विशेष र स्वयंसेवकहरूको एक समूहद्वारा राहत वितरण गरिएको थियो भने त्यस्तो राहत वितरण अव्यवस्थित तरिकाबाट वितरणभएको थियो । भक्तपुर क्षेत्रमा अराजकता रोक्न पुनर्स्थापना गर्न पहिलो प्रयास भूकम्प आएको २० घण्टापछि वडा स्तरको बैठकमा जीविकोपार्जन सञ्चालन गर्न राम्रो तरिकाबाट राहत प्राप्त गर्न एक राहत समिति गठन गरिएको थियो (गौतम, २०१५) ।

वि.सं. १९९० सालको भूकम्पपछि सरकार र समाजबाट तत्काल दुःख निवारण गर्ने, जस्तो दुःखी भोकाहरूलाई चामल, ओढ्ने-ओछ्याउने, काठपात, खर इत्यादि बाँड्ने, बासनभएकालाईटहरा बनाइदिने, घाइतेहरूको औषधी उपचार गर्ने, सुत्केरी बिरामीको स्याहार-सम्भार गर्ने कार्यभएको थियो । सरकारी गोदामबाट केही दिनको लागि धान कुटाउँदैदुनियाँ (जनता) लाई चामल बेचियो, त्यस काममा अफिसहरू खटेका थिए, जथाभावी नबेची आवश्यक परेको मात्र बेच्ने प्रबन्ध मिलाइयो । “साहु-महाजनले यस्ता बखतमा ज्यादा नाफा लिनु हुँदैन, साविककै दरमा अन्न बेचनु पर्दछ, अन्न लुकाउन पाउँदैनन्, नत्र सजाय हुन्छ” भन्ने हुकुम जारी भयो (ब्रह्मशम्शेर, २०१५) ।“यो भूकम्पमा परि अनाज, धनमाल झिक्न नसक्ने गरीबलाई गाउँघरमा चलेको भाउबाट राजभकारी, धर्मभकारीबाट अनाज पछि असूल हुनेगरी सापटी दिनु” भन्ने एकछापे बडापत्र आएकोले सोही बोजिम काम भयो । अन्न घरभित्र पुरिएर झिक्न नसकी

खाननपाउनेलाईमकैबाली नपाकुन्जेल दिनको एक मानाको दरले गोस्वाराबाटै खुवाउने बन्दोवस्त मिलाउनु भन्ने आदेश भयो (ब्रह्मशम्शेर, २०१५) ।

यस अनुसन्धानले भूकम्पबाट प्रभावित व्यक्तिहरुलाई जीवन संचालन गर्न आवश्यक पर्ने विभिन्न प्रकारका राहत सामग्री भूकम्प गएको २ हप्तासम्मको अवधिमा प्राप्त गरे कि गरेनन् भन्ने बारेमा अध्ययन गर्न खोजिएको हो । त्यस समयमा भूकम्प पीडितहरुलाई सरकारी संस्था, निजि संघसंस्था, सामाजिक संघसंस्थाबाट सहयोग प्रदान गरेका थिए भन्ने अध्ययन गर्न खोजिएको छ । तत्कालनि समयमा के कस्ता राहत सामगी प्राप्त गरे र भूकम्प पीडितहरुलाई पहिलो प्राथमिकतामा राखि, कुन कुन संस्थाहरुले छिटो, आवश्यक सामग्री उपलब्ध गरायो भन्ने बारेमा जान्न खोजिएको छ । यसरी माथि भनिएको कुराहरुको जानकारी प्राप्त गर्न अध्ययन क्षेत्रका भूकम्प प्रभावित घरका घरधनी त्यस सम्बन्धी अध्ययन गरेका जानकार व्यक्तिहरुसँगको सहायताले प्रश्नावलीको माध्यमबाट अध्ययन/अनुसन्धान गर्न खोजिएको कुरा प्राप्त गरेको छ ।

## १.२ समस्याको कथन

कस्तो खालको समाजमा छिटो राहत वितरण भयो । सामाजिक सङ्घ-संस्थाको भूमिका, राजनीतिक शक्तिको यसमा के कस्तो भूमिका खेलेको छ । भूकम्पले असर गरेका मानिसहरूलाई तत्काल राहत चाहिने भएकाले त्यस अवस्थामा के-कस्ता, कसरी, कसले राहत वितरण गरे र को-कसले, कसरी राहत पाए । त्यस समयका विभिन्न पत्रपत्रिका, समाचा, टि.भि. समाचार, त्यस सम्बन्धी विभिन्न लेख रचनाहरुमा भूकम्प पीडितहरुको नाममा आएको राहत सामाग्री दुरुपयोग भएको खबरहरु सुन्न र पढ्न पाइयो । त्यस समयमा विभन्नि राजनैतिक शक्तिका प्रतिनिधिहरुले राजनैतिक प्रभावमा राहत वितरण कार्यलाई प्रभाव पारेको साथै राजनैतिक दलका केन्द्रिय नेताहरुले राहत सामाग्री आफ्नो जिल्ला निर्वाचन क्षेत्रमा लग्ने प्रतिस्पर्धा चलेका समाचार पढ्न पाइयो । यसका साथै भूकम्प पीडितहरुले राहत सामग्री प्राप्न गर्न गाह्रो भएका कुराहरु सुनियो । यसरी राहत सामाग्री प्राप्त गर्न पीडितहरुलाएई धेरै समय कुर्नुपर्ने अवस्था आएको लेख/रचनाहरु पत्रपत्रिकामा सुन्न पाइयो । यसरी समाचार, विज्ञहरुको भनाइमा कत्तिको सत्यता छ  भनी यस विषयमा अध्ययन गर्न मन लाग्यो । यसरी प्राकृतिक प्रकोप, भुकम्प पछि हुने विभिन्न गतिविधिहरु मध्ये राहत वितरण कार्य के कसरी संचालन हुने गर्दछ । राहत सामाग्री

कति समयपछि प्राप्त गरे भन्ने विषयमा जानकारी प्राप्त गर्न मैले यस शीर्षकलाई अनुसन्धानको रुपमा लिई अध्ययन गरेको छु ।

भूकम्प पछिको राहत वितरण कार्यमा राज्यको भुमिका महत्पूर्ण हुने गर्दछ । राज्यको व्यक्ति, राजनैतिक आदि आधारहरुले राहत वितरण कार्यमा भुमिका खेल्दछ । राज्य आफ्नो अडानमा बस्न सक्छ भने त्यस्तो खालको राज्यमा राहत वितरण कार्य एकद्वार प्रणालीबाट हुने गर्दछ । राज्ष्को शक्ति कमजोर वा आफ्नो अडान राख्न सक्दैन भने त्यस्तो खालको राज्यमा विभिन्न गैरसरकारी संस्था, नीजि संस्था आ-आफ्नो तरिकाबाट राहत वितरण कार्य गर्दछन् । यसोगर्दा राहत वितरण कार्य प्रभावकारी हुन सक्दैन । राज्यको नीति नियम कमजोर बन्दै जान्छ (www.governmentactivities.2074)। यसकारण राज्यको शक्ति, नीति नियमले पनि राहत वितरण प्रभाव पार्दछ । यसको लागि राज्यको नीति प्रभावकारी हुनुपर्दछ ।

हाइटिमा राज्यले नीति नियम अनुसार कार्य गर्न नसक्दा त्यहाँ विभिन्न देशबाट आएका गैर सरकारी संस्थाहरुले आफुखुसी राहत वितरण कार्य गरेका थिए । त्यसरी राहत वितरण कार्य भयो । कुनै एक ठाउँमा मात्र राहत वितरण कार्य भएको थियो । यसरी राहत वितरण कार्यमा एकरुपता ल्याउन पनि सरकार शक्तिशाली हुनुपर्दछ Journal of Black Studies, Vol. 42, No.2. The Haiti Earthquake of 2010:The Pollitices of a Natural Disaster (March 2011, pp.158-185) । यसरी राज्य शक्तिशाली हुँदा राहत वितरण कार्यमा आएका संघसंस्थाहरुलाई एकद्वार मिति अबलम्बन गरी राहत वितरण कार्य गर्दा सबै ठाउँमा राहत सामग्री पुग्दछ ।

त्यस समयमा भूकम्प पीडितहरुले राहन सामग्री प्राप्त गर्न के कस्ता समस्याहरु आएका थिए, कति समयको अन्तरालमा राहत सामग्री प्राप्त गरे , सरकारी निकायहरुबाट के कस्ता राहत सामग्री प्राप्त भयो । त्यो राहत सामग्री कति समयपछि प्राप्त भयो , सबैभन्दा पहिला राहत सामग्री कुन कुन संघसंस्थाहरुले वितरण गरे भन्ने कुरालाई अनुसन्धान समस्याको रुपमा लिएको छु ।

समाजमा रहेका विभिन्नसामाजिकसङ्घ-संस्थाले दुःख, आपद पर्दा सहयोगगर्ने भनिसहायता कक्षको निर्माण गरेका हुन सक्दछन् । जस्तै– नेवारी स्माजमा रहेको गुठी संस्थाले पनि दुःख विपतमा सहयोग गर्ने लक्ष्य लिएको हुन्छ, भक्तपुरमा वडा स्तरमा भएको बैठकले जीविकोपार्जन सञ्चालन गर्न, राहत प्राप्त गर्न, राहत समिति

गठन गरी भूकम्पपछि राहत वितरण कार्यलाई प्रभावकारी बनाएको पाइन्छ (गौतम, २०१५)।

राजनैतिक नेताहरू पनि राहत वितरण कार्यमा प्रभावकारी भूमिका खेल्ने सक्दछन्। तर नेता तथा राजनीतिक दलहरूले आफ्नो भोट बैंकका आधारमा राहत वितरण कार्यमा जोड दिएका हुन सक्दछन्। राजनीतिक दलका स्थानीय नेताहरू आफ्नो गाउँमा मात्रै राहत लैजाने, राहतमा राजनीतिकरण गरी दबाब, प्रभाव र पहुँचको आधारमा गैर पिडितलाई पनि राहत वितरण गरेका हुन सक्छन्। राजनीतिक दलका प्रतिनिधिहरूले राहत वितरण कार्यमा जाने विभिन्नसङ्घसंस्थालाई सहयोगी व्यक्तिका रूपमा सहयोग गरेका हुन सक्दछन्।

आपतकालीन अवस्थामा राहत सञ्चालन गर्न, स्थानीय सरकार, सेना, नागरिक समाजले उद्धार पछि प्रभावित क्षेत्रका व्यक्तिको आवश्यकता निर्धारण गरी राहत वितरण कार्यमा प्राथमिकता दिनुपर्दछ (M. Safeer, 2014)। विपत्तिको समयमा सरकारी एजेनसीहरूले खेल्ने भूमिकामहत्वपूर्ण हुन्छ। अस्पष्ट नीतिले गर्दा सरकारी कार्यक्रम, स्थानीयदेखि राष्ट्रिय स्तरसम्म पुऱ्याउन कठिन हुने गर्दछ। आपतकालीन अवस्थामा तत्काल आवश्यक पर्ने राहत सामग्री प्रभावित व्यक्तिसम्म पुऱ्याउन सरकारी राहत एजेन्सीहरूको भूमिकामहत्वपूर्ण हुन्छ। जस्तै– खाना खुवाएर, उद्धार, स्वास्थ्य परिषण इत्यादि (The disaster handbook, 1998)।

राहत वितरण कार्यमा सामाजिक सङ्घ-संस्थाले के-कस्तो भूमिका खेलेका थिए त ? यस अन्तर्गत पर्ने विभिन्न स्थानीयसङ्गठनहरूको भूमिका कस्तो थियो? सामाजिक सङ्घ-संस्थामध्ये परिवार, नातेदार, छिमेकी, गुठी संस्था लगायतका त्यहाँ अवस्थिजत विभिन्न सामाजिक संसथको भूमिका के कस्तो थियो ? यस्तैगरी राहत वितरण कार्यमा सरकारी निकायहरूको भूमिका कस्तो रहन गयो ? स्थानीय तह, तत्कालिन गा.वि.स., वडा कार्यालय लगवायत अन्य कार्यालयहरूबाट के कस्तो सहयोग भयो ? यी यस्ता खालका प्रश्नहरूको उत्तर खोज्नु आवश्यक पर्दछ। अध्ययन/अनुसन्धानका प्रश्नहरू निम्नानुसार छन् :

१. भूकम्प पछि राहत वितरण कसरी भयो ?

२. राहत वितरणको प्रकृयामा राज्य, सामाजिक संघ संस्था तथा नातेदारी, छिमेकी सम्बन्धको भूमिका कस्तो रह्यो ?

### १.३ अध्ययनको उद्देश्य

१. भूकम्प पछिको राहत वितरण सम्बन्धी अध्ययन गर्न ।

२. राहत वितरणको प्रकृयामा राज्य, सामाजिक संघसंस्था तथा नातेदारी छिमेकी सम्बन्धको अध्ययन गर्न ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको अध्ययन

अनुसन्धानको लागि सन्दर्भ साहित्य एक आवश्यक विश्लेषपणात्मक रूपरेखा हो । यो ज्ञान र अवधारणाहरूको आवश्यक प्रक्रियाको सम्वोधन गर्न विधिपूर्वक एक दृष्टिकोण हो (Koirala, 2006) । यसरी सन्दर्भ साहित्यको अध्ययन मुख्यत दुई तहबाट गरिन्छ । ती निम्न छन् :

### २.१ सैद्धान्तिक समीक्षा

सामाजिक सञ्जाल सिद्धानतले कसरी मान्छे, संस्था वा समूहमा अन्तर्क्रिया गर्दछन् भन्ने कुरा बुझाउँदछ । यसमा समाजका विभिन्न तहमा रहेका समूह बीच सहयोग आदान-प्रदान हुन्छ(http://www.social networking, 2075) ।सामाजिक सञ्जाल विश्लेषण सामाजिक अभिनेता र व्याख्या सामाजिक संचरना व्यक्तिगत, समूह आदिको सम्बन्ध हो । यो सूक्ष्मतहको सामाजिक सञ्जाल हो । यसमा विभिन्न समूहबीच अन्तरक्रिया, विनिमयको जानकारी दिने, सल्लाह सहयोग गर्ने गरिन्छ । यसमा समाजका विभिन्नसङ्घ-संस्थाहरूको सहयोगी वा अन्तरक्रियाको भूमिका खेल्दछन् (David, Knoke, 2009) ।

यस सिद्धान्तले समाजका विभिन्न तहमा रहेका समूहले सहयोगी भावना देखाउँछन् । यसमा समाज विभिन्न संघसंस्थाहरुले समाजमा एकआपसमा सहयोग गरेका हुन्छ । समाज हुने विभिन्न गतिविधिमा सहयोग गरेका हुन्छ । ति विभिन्न गतिविधिहरुमध्ये राहत वितरणमा पनि पर्दछ । यसमा पनि समाजका विभिन्न तहमा रहेका समूहले सहयोग गरेर सामाजिक भूमिका देखाउँछन् । यसरी समाजमा हुने विभिन्न क्रियाकलापमा समाजका विभिन्न संघसंस्थाहरुले सहयोगी भूमिका देखाउँछन् ।

सामाजिक संरचनाले व्यक्ति, संस्था आदिको सम्बन्ध र अन्यसामाजिक सञ्जाल बीचको अन्तरक्रियालाई बुझाउँदछ । सामाजिक सञ्जाल दृष्टिकोणले संरचनाको विश्लेषणका लागि सामाजिक संस्थाहरूको पहिचान गर्नु पर्दछ । सामाजिक संस्थाहरूको भूमिकालाई मुख्य आधार मानि तिनीहरू बीचको अन्तरक्रियालाई बुझ्नु पर्दछ ( http://www.social networking, 2075) ।

यस सिद्धान्तले व्यक्तिको समाजमा रहेका विभिन्न संघद्धसंस्थासँगको सम्बन्धले पनि प्रभाव पार्दछ । उसले समाजमा गर्ने विभिन्न किसिमका गतिविधिहरुले पनि सामाजिक संस्थाहरुमा प्रभाव पार्दछ । यस सिद्धान्तले विशेषत समाजमा रहेका संघसंस्थाहरुको पहिचान गरी विश्लेषण गर्नु राम्रो हुन्छ ।

सामाजिक सञ्जाल सिद्धान्त सामाजिक सञ्जालको विश्लेषणहो । सामाजिक सञ्जालको विश्लेषण सदस्यहरूको परस्पर सहयोगी संरचनात्मक बीचको सञ्जाल हो । जस्तै–व्यक्तिहरू, सङ्गठन आदि । यसबाट सामाजिक सञ्जाल एउटा गतिशील प्रक्रिया हो (Mongor and Cntrtaction, 2003) ।

समाजमा हुने विभिन्न सम्बन्धहरुबाट पनि सामाजिक सञ्जाल सिद्धान्तको व्याख्या गर्न सकिन्छ । समाजमा हुने नाता, मित्रता, धार्मिक लगायतका सञ्जालले पनि समाजमा सहयोगी भुमिका खेल्दछ । समाजमा हुने विभिन्न किमिसका प्राकृतिक प्रकोप लगायतका क्रियाकलापमा यि सम्बन्धले पनि सहयोगी भूमिका खेल्दछ ।

सामाजिक सञ्जाल विश्लेषण विभिन्न प्रकारको सामाजिक सम्बन्ध पहिचानको हो । प्रत्येक स्तरको विश्लेषण सम्बन्धमा वर्गीकृत गर्न सकिन्छ । सल्लाह, संचार, नाता, मित्रता, व्यावसायिक, धार्मिक र विभिन्न प्रकारको साझेदारीबाट सामाजिक सञ्जाल विश्लेषण गर्न सकिन्छ (Denielle et al, 2009) ।

यसरी समाजशास्त्रमा विभिन्न सिद्धान्तहरु भएतापनि मैले सामाजिक सञ्जाल सिद्धान्तको प्रयोग गरी यस अनुसन्धानलाई अगाडि बढाएको छु । यस सिद्धान्तले भन्ने गरेजस्तो भनेको जस्तो समाजका विभिन्न संघसंस्थाहरुले सहयोगी भूमिका देखाउँछन् भन्ने कुरालाई अध्ययन गरेको छु ।

## २.२ प्रयोगसिद्ध समीक्षा

### २.२.१ प्रकोप

अचानक मानव समाज वा समुदायमा भौतिक र आर्थिक वा पर्यावरण आदिमा असर हुनुलाई प्राकृतिक प्रकोप भनिन्छ । यसले मुलतः मानव/मानिसको दैनिक कार्यलाई असर पुऱ्याउँदछ (www.ifrc.orgl/en,2074)। असाधारण घटनाहरुले सामाजिक संगठनमा अवरोध र मानव कार्यमा अवरोध पुऱ्याउनु नै विपक्ति हो (Olsen, 1992) ।

प्राकृतिक प्रकोपले भौतिक पक्षमा प्रभाव पार्दछ । यसले वातावरणमा समेत प्रभाव पार्दछ । नियमित रुपमा संचालित भएको कुराहरुलाई प्रकोपले प्रभाव पार्दछ । यसले विभिन्न क्षेत्रमा प्रभाव पार्दछ । यसले समुदायको भौतिक, आर्थिक लगायत पक्षमा प्रभाव पार्दछ । यसले पृथ्वीमा रहेका विभिन्न भौतिक पक्षहरुलाई प्रभाव पार्दछ । यसका साथै भौतिक पक्षको प्रभावले मानिसको दैनिक क्रियाकलापलाई पनि प्रभाव पार्दछ । यसले मानिसको सरल जिवनशैलीलाई जटिल बनाउँदछ । प्रकोपकले मानिसका दैनिक, आर्थिक, सामाजिक सम्बन्ध, भौतिक पक्ष, वातावरणीय पक्षमा प्रभाव पार्दछ । प्राकृतिक प्रकोपहरुमा भुकम्प, सुनामी, वाढीपहिरो, ज्वालामुखी, आँधिबेहरी, अनिकाल आदि गरी विभिन्न प्रकारका हुन्छन् (D. anthony, 2005) । यि प्राकृतिक प्रकोपहरु भएतापनि केही मानवनिर्मित प्रकोप हुने गर्दछन् । जस्तैः आगलागी, रासायनिक/आणविक विभिन्न समयका युद्धहरुलाई मानव निर्मत प्रकोपको रुपमा लिने गरिन्छ ।

### २.२.२ भुकम्प पछिको गतिविधि

भूकम्प पछि उद्धार, राहत र पूनः निर्माणमा प्रभावकारी र कुशल उद्धार, राहत र पूननिर्माणमा नातेदार सम्बन्ध र उसमुदायको योगदान रहेको हुन्छ। यसरी विपत्ति स्वभाविक कारणभन्दा सामाजिक निर्माण हो । यसले समाजको प्रत्येक तहमा असर पुऱ्याएको हुन्छ । यसले सामाजिक सम्बन्धलाई प्रभावकारी बनाउँदछ (Mishra, 2015) । यसरी भूकम्प पछि पहिलो प्राथमिकता उद्धार कार्यलाई बनाउनु पर्दछ। यस्तै गरी उद्धार र राहत कार्यलाई सँगसँगै अगाडि बढाउनु पर्दछ । यसरी उद्धार कार्य र भूकम्प पीडितहरुलाई तत्कालै चाहिने आवश्यक सामाग्रीहरु वितरण गर्नुपर्दछ । त्यसपछि उनीहरुलाई पहिलेको अवस्थामा ल्याउन पुननिर्माणको कार्यलाई अगाडि बढाउनु पर्दछ ।

यस्तै गरी उघार र राहत कार्यलाई सँगसँगै अगाडि बढाउनु पर्दछ । यसरी उद्धार र भूकम्प पीडितहरुलाई तत्कालै चाहिने आवश्यक सामग्रीहरु वितरण गर्नुपर्दछ । त्यसपछि उनहिरुलाई पहिलेको अवस्थामा ल्याउन पूननिर्माणको कार्यालाई अगाडि बढाउनु पर्दछ । यसरी उनीहरुलाई बस्नको लागि आवश्यक पर्ने घर बनाउनको लागि आवश्यक रकम सरकारी पक्षहरुबाट हुनुपर्दछ ।यस्ता क्रियाकलापले भूकम्पपीडितहरुलाईसहज रुपमा जीवन संचालन गर्न सक्दछन् । हामीले विपत्तिलाई स्वभाविक/प्राकृतिक कारणभन्दा पनि समाजद्वारा सामाजिक निर्माणको रुपमा लिने गरिन्छ (www.relievedistribution 2075) । किनकी यसले समाजको प्रत्येक तहमा प्रभाव पार्दछ । यसले मानिसहरुका दैनिक क्रियाकलापदेखि लिएर उनीहरुको भौतिक साधनहरुमा पनि प्रभाव पार्दछ । विपत्ति स्वभाविक कारण भन्दा पनि सामाजिक कारण हो । यसले समाजमा रहेको सम्बन्धलाई बलियो बनाउँदछ । भूकम्प पछि मानिसहरुलाई विभिन्न प्रकारको सेवा सहयोग आवश्यक पर्दछ । उनीहरु एक अर्कामा सहयोगी भावना देखउँदछन् । उनीहरुले तिनीहरुको आवश्यकतालाई पूरा गर्न सहयोगी भावना देखाउँदछन् । उनीहरुले तिनीहरुको आवश्यकतालाई पूरा गर्न सहयोगी भूमिका खेल्दछन् । भूकम्प अगाडिको सम्बन्धमा देखिएको समस्या भूकम्पपछि सहयोगी हुने गर्दछ । यसरी भूकम्पपछिको समयमा सामाजिक सम्बन्ध बलियो हुन्छ ।

विभिन्न मानवीय आपतकालीन अवस्थामा रहात आपूर्ति संचालन गर्ने, पहिचान गर्ने, विपत्तिको अवस्थामा खाद्य औषधी, आश्रय, पानी र अन्य वस्तुहरु समावेश गरी राहन वितरण गर्नुपर्दछ । आपतकालीन अवस्थामा उद्धार पछि प्रभाववित क्षेत्रमा आवश्यकता निर्धारण गरी राहन वितरण गर्नुपर्दछ (M. Saffer, 2014)।

प्राकृतिक प्रकोपपछि पीडित मानिसहरुलाई आपतकालिन अवस्थामा राहत वितरण गर्नुपर्दछ । त्यस समयमा तत्कालै के कसता सामग्रीहरुको आवश्यकता छ त्यसको पहिचान गरी तत्कालै आवश्यक सामग्रीहरु वितरणमा जोड दिनुपर्दछ । त्यस समयमा पीडितहरुको दैनिक जीवन संचालन गर्न खाद्य लगायतको राहत सामग्रीलाई जोड दिनुपर्दछ । भूकम्पपछिको समयमा भूकम्प पीडितहरुलाई आवश्यक पर्ने खाद्य, (दाल, चामल, चाउचाउ आदि) तेल, नुन, चिनी, चिया, कम्बल, भाँडाकुडा, औषधी, आश्रय, पानी लगायतका सामग्री समावेश गरी राहत वितरण गर्नुपर्दछ । यस्तै गरी विभिन्न किसिमका

रोगहरु नलाग्न दिनको लागि फोहोर मैला व्यवस्थापन गर्नुपर्दछ । यसरी पिडितहरुको आवश्यकतालाई ध्यान दिँदै राहत वितरण कार्यमा जोड दिनुपर्दछ । यसरी राहत वितरण कार्य यातायातका माध्यमबाट गर्दा प्रभावकारी हुन सक्छ ।

यस्तै गरी भुकम्पछि सामाजिक संघसंस्थाहरुले पनि सहयोगी भूमिका खेल्दछन् । उनीहरुले पिडित व्यक्तिहरुलाई तत्कालै आवश्यक पर्ने सामग्री उपलब्ध गराउँदछ । विभिन्न सामाजिक एकाइहरुले भुकम्पछि उद्दार, घाइतेहरुलाई अस्पतालसम्म पु¥याउन सहयोगी भुमिका खेल्दछन् । यस्तैगरी उनीहरुले भुकम्प प्रभावित व्यक्तिहरुलाई बस्ने र खाने व्यवस्था गर्दछन् । नातेदार, छिमेकी लगायतका विभिन्न इकाइहरुले पिडीतहरुलाई तत्कालै सहयोगी भुमिका खेल्दछन् ।

२.२.३ राहत वितरणका सम्बन्धमा

बाठाहरूले सिफारिस लिने, कम नोक्सान भएको अवस्थामा ठूलो नोक्सान देखाउने र बढी भन्द बढी राहत रकम लिने, तर लाटा, सोझा, दूदरदराजमा रहेको अशिक्षित र पहुँच नभएकाले घरको सरकारी रकम लिन पनि धेरै पटक बोल्नु पर्ने भयो (उप्रेती, २०७२) । राहत समेत कसैले धेरै पटक र कसैले एक पटक पनि नपाएको अवस्था छ । पहुँचवाला भएका ठाउँमा केही मात्रामा राहत सामग्री आए पनि कतै भने राहत सामग्री पुग्न समेत सकेको छैन (कान्तिपुर, २०७२) ।भूकम्प पछिको अवस्थामा राहत वितरण कार्य प्रभावकारी रुपमा नभएको खवरहरु विभिन्न माध्यमहरुबाट पाइयो । राहत सामग्री सम्बन्धीत ठाउँमा नपुगेको, पूगेपनि सम्बन्धीत पिडीतहरुले नपाएको अवस्था थियो । त्यस समयमा राजनैतिक प्रभावमा दलका नेताहरुले राहत सामग्री आफ्नो क्षेत्रमा लैजाने प्रतिस्पर्धाले गर्दा पनि रात साम्रग्री सबैतिर पूग्न नसकेको हो । त्यस समयमा राजनैतिक दलका प्रतिनिधिहरु, गाउँका शिक्षित, टाठाबाठाहरुले आफू अनुकुल बनाई राहत वितरण कार्य गर्दा विभिन्न समस्याहरु आए । भुकम्पछिको राहत वितरण कार्यमा एकरुपता ल्याउन/आउन सकेको थिएन ।

राहत वितरण कार्य सुगम वा सहरी क्षेत्रमा सीमित रह्यो भने दुर्गम क्षेत्र पछाडि परेको छ (अन्नपूर्ण पोष्ट, २०७२) । राहतका नाममा पिडीत जनतालाई सदैभरी निराशा र आशामा बाच्ने संस्कार नेपाल राज्यले विकसित गर्दै आएको छ (कान्तिपुर, २०७२) ।भूकम्प पछि विभिन्न संघसंस्थाहरुले राहत वितरण कार्य गरेका थिए । उनीहरुले जहाँ यातायातको

राम्रो सुविधा छ त्यस्तो ठाउँमा राहत वितरण कार्यलाई प्राथमिकतामा राखेका थिए । उनीहरुले भुकम्प पिडीतहरुलाक्ष्ई रातह वितरण कार्य गरेतापनि उनीहरु त्यस समयमा सहरी क्षेत्रलाई छाड्न सकेका थिएनन् । उनीहरुको पहिलो प्राथमिकता सहरी क्षेत्र नै थियो । यसका साथै सरकारी टोलीहरुपनि राहत बाड्न ग्रामिण क्षेत्रमा गएको पाइदैन । सरकारले त त्यस समयमा राहत वितरण कार्यलार्य कुनै पनि क्षेत्रमा प्रभावकारी बनाउन सकेन अर्थात् सरकारबाट राहत समयमा नै पिडितहरु पाउन सकेनन् । उनीहरले सरकारको आश गरी धेरै दिन विताउन बाध्य भएका थिए (नेपाल, २०७२) ।

भूकम्प र पहिरोमा परेका पिडीत मानिसहरूलाई जीवन बचाउनका लागिराहत सामग्रीस्वरूप खाना र अन्य चिजहरू ए.सि.एस. ले प्रदान गरेको थियो । ए.सी.एस.
ले खानामा चामल, दाल, खाना पकाउने तेल, नुन, चिनी, मसला, चिया लगायतका चिजहरू र अन्यमा कम्बल, नुहाउने साबुन, लुगा धुने साबुन, दन्त पञ्जन, नङकटर, दन्तब्रुस, पानी सुद्धिकरण पिउष र सेनेटरी प्याड, सरसफाइको लागि फोहोरमैला प्रबन्ध/व्यवस्थापन लगायतका आदि चिजहरू वितरण गरेको थियो (Relief disltribution in Dhading, 2017) । यसरी विभिन्न विपक्ति पछि त्यहाँका मानिसहरुलार्य आवश्यक राहत सामग्री वितरणमा जोड दिनुपर्दछ । यसका साथै त्यस समयमा अन्य रोगहरुको संक्रमणबाट बच्न फोहोरमैला व्यवस्थापन लगायतका कुरामा राहत सामग्री वितरण गर्ने संस्थाहरुले ध्यान दिनुपर्छ ।

राजनीतिक दलका स्थानीय नेताहरू आफ्नो गाउँमा मात्रै लैजाने प्रतिस्पर्धाले गर्दा राहत सामग्री कुनै एक स्थानमा बढी थुप्रिने र अर्कोतिर पुग्दै नपुग्नै समस्या देखिएको छ(नेपाल, २०७२) । भूकम्प पिडीतहरूलाई स्थानीय सरकारले कुपन प्रणालीबाट राहत वितरणमा जोड दिएको पाइयो (गौतम, २०१५) । यसरी हेर्दा भुकम्प पछि हुने राहत वितरण कार्यमा राजनैति क्रियाकलपापले प्रभाव पार्दछ । त्यस समयमा राजनैतिक आधारमा भन्दा प्रभावितलाई विशेष प्राथमिकतामा राखी राहत वितरण कार्य गर्नुपर्दछ । विभिन्न तरिकाबाट राहत वितरण कार्य गर्नुपर्दछ ।

तत्काल दुःख निवारण गर्ने, जस्तो दुःखी भोकाहरूलाई चामल, ओढ्ने, ओछ्याउने इत्यादी बाँड्ने, बास नभएकालाई टहरा बनाइदिने, घाइतेहरूको औषधी उपचार

गर्ने कार्य भएको थियो । सरकारी गोदामबाट केही दिनको लागि आवश्यक परेको सामानको प्रबन्ध मिलाइएको थियो (ब्रह्मशम्शेर, २०१५) ।विभिन्न समयमा हुने विभिन्न प्रकारका विपत्तीहरुमा पिडित भएका व्यक्तिहरुलाई प्राथमिकतामा राखी राहत वितरण कार्य गर्ने गर्दथ्यो । त्यस समयलाई पिडीतहरुलाई तत्कालै के कस्ता सामग्रीहरुको अवाश्यकता पर्दछ त्यसलाई विशेष ध्यान दिई आवश्यक सामग्री वितरण गर्नुपर्दछ । वि.सं. १९९० सालको भुकम्पछि पिडितहरुलाई राहत स्वरुप विभन्न राहत सामग्री सरकारी माध्यमबाट वितरण गरिएको थियो । त्यसबाट पिडितहरुलाई केही सहज भएको थियो ।

महाभूकम्प गएको छैटौं दिन राहत र उद्धार गर्ने सरकारी टोलीहरू काठमाडौं बाहिरका जिल्लाहरूमापुग्न थाले । सहज भूगोल र मौसमले हेलिकोप्टर ओलृन सक्ने ठाउँमा राहत सामग्री पुग्न थाले । सडक पुगेको ठाउँमा गाडीबाट गाउँ, जिल्लामा राहत पुग्न थाले । तर मोटरको पहुँच नभएको ठाउँमा कोही पुग्न सकेनन् (उप्रेती, २०७२) । भुकम्प आएको केही दिन राहत वितरण र उद्धार गर्ने टोली काठमाडौंमा मात्र केन्द्रित भएका थिए । उनीहरुले विशेष गरी बाहिरी जिल्लालाई भन्दा काठमाडौं उपत्यकालाई पहिलो प्राथमिकतामा राखी राहत वितरण कार्य गरको थिए । यस्तोमा सरकारी टोलीहरु किन काठमाडौंलाई विशेष ध्यान दिन पूगे त ? भौगोलिक कारणले गर्दा त्यमसा केही हदसम्म प्रभाव पार्दछ । अन्य राहत वितरण गर्ने टोलीहरु पनि भुकम्प आएको केही दिनपछि काठमाडौं उपत्यकाका बाहेक अरु जिल्लामा राहत वितरण गर्न जान थालेका थिए(www.reliefdisributio in Nepal 2075) । उनीहरुले पनि सहज सुविधा नभएको र भौगोलिक कारणले गर्दा सम्बनधित ठाउँमा पुग्न सकेका थिएनन् । यसरी राहत वितरण कार्य सहरी क्षेत्र र सुविधायूक्त क्षेत्रमा भएको पाइन्छ । यसमा सरकारी क्षेत्रले राम्रो भुमिका निभाउन सकेको छैन । सरकारी निकायहरु सहज यातायात भएको क्षेत्रमाराहत वितरण गर्न पुगेपछि उनीहरुले त्यहाँ पिडितहरुलाई राहत वितरण गर्दा पहिला आउनेलाई आधार मानि राहत विारण गरेका थिए । यसले गर्दा पछि आउने पिडितहरुले राहत सामग्री नभएको पाइयो । यसमा एकै घरकाले पटक पटक राहत सामग्री प्राप्त गरेका थिए । यसले राहत सामग्री वितरण प्रभावकारी नभएको अनुमान गर्न सकिन्छ (उप्रेती, २०७२) ।

# अध्याय तिन

## अनुसन्धान विधि

### ३.१ अध्ययनक्षेत्रको छनौट

यस अध्ययन क्षेत्रको रुपमा भूकम्पले प्रत्यक्ष प्रभाव पारेको ठाउँ आवश्यक रहन्छ । यस अध्ययनको लागि भूकम्पले प्रभावित व्यक्ति, समाज, ठाउँ आवश्यक रहन्छ । भूकम्पले प्रभावित थुप्रै क्षेत्र हुँदाहुँदै पनि मैले काठमाडौंको कीर्तिपुर नगरपालिका वडा नं. ६ लाई लिएको छु । किनकी कीर्तिपुर नगरपालिकाका अन्य वडाहरुमध्यष्े सबैभन्दा बढी भूकम्पले प्रभावित क्षेत्र ६ वडा भएको जानकारी प्राप्त गरेँ ।यस क्षेत्रको स्थानिय साथिहरुको सहयोग, भुकम्प जाँदा स्वयम् म यसै क्षेत्रेको नजिकै बसोबास भएको र तत्कालिन समयमा यस क्षेत्रमा देखिएका विभिन्न समस्याहरु देखेको कारण मैले यस क्षेत्रलाई अध्ययन क्षेत्रेका रुपमा लिएको छु । यस्तो जानकारी स्थानीय साथीहरु, केही स्थानीय बासिन्दालाई आधार मानि मैले कीर्तिपुर नगरपालिकाको ६ लाई अध्ययन क्षेत्रको रुपमा लिएको छु ।

### ३.२ अनुसन्धान ढाँचा

यस अध्ययन/अनुसन्धानको लागि वर्णनात्मक विधिको प्रयोग गरी तथ्याङ्कसङ्कलन गरेको छु । प्राथमिक स्रोत र द्वितीयक स्रोतको प्रयोग गरी तथ्याङ्कसङ्कलन गरेको छु । तथ्याङ्क लिंदा अन्तरवार्ता, विशेष जानकार व्यक्तिहरूको प्रयोग गरेको छु ।

### ३.३ तथ्याङ्कसङ्कलनको स्रोत र प्रकृति

यस अनुसन्धन ढाँचामा प्रयोग प्राथमिक श्रोत अर्न्तगत अनुसन्धानकर्ता आफै २०७४/०७/१२ देखि २०)७४/०७/२८ सम्म अध्ययन क्षेत्रमा गई तथ्यांक संकलन गरेको छु । यसरी संकलन गरिएको तथ्यांक बढी विश्वसनीय हुन्छ । यसतौगरी द्वितीयक तथ्यांक अन्तर्गत अनुसन्धानकर्ताले त्यस समयमा राहत वितरण कार्यलाई नजिकबाट नियालीरहेका व्यक्ति, लुमन्टी संस्था, कान्तिपुर, अन्नपूर्ण, नेपाल लगायतका पत्रपत्रिका, २०७२ को भुकम्प, भुकम्प र राहत आदिलाई आफ्नो शिर्षकसँग सम्बन्धित अनी तथ्यांक संकलन गरेको छु । यसरी संकलन गरेका तथ्यांक केही अंक वा संख्यामा र केही तथ्यांकहरु गुणात्मक रुपमा आएका छन् ।

३.४ अध्ययनको एकाई, अध्ययनको समग्रता र नमुना

उद्देश्यपूर्ण नमुना छनोटमा उद्देश्यलाई दृष्टिगत गरेर अनुसन्धानकर्ताले आफ्नो इच्छाअनुसार केही एकाइहरु छानेर अध्ययन गर्छ भने त्यसलाई उद्देश्यपूर्ण नमुना छनोट भनिन्छ । वडा कार्यालयबाट पिडीतको लिष्टलाई समग्रताको रुपमा लिई संभावनारहित नमुना छनोट अन्तर्गत उद्देश्यपूर्ण नमुना छनोटबाट केही पिडित घरपरिवार लिएको छु । वडा कार्यालयबाट वडा अध्यक्षले दिएको लिष्टमा २५० घर भुकम्पले प्रभावित थिए । त्यसमध्ये मैले मेरो अनुसन्धानको लागि आवश्यक र बढी क्षति पूगेका २५ घरहरुलाई अध्ययनको रुपमा लिएको छ । २५ घरधुरीबाट आवश्यक तथ्यांक संकलन भएको आधार मानि २५ घरको तथ्यांक संकलन गरेको छु । यसरी २५ घरको घरमुलिलाई उत्तरदाता बनाएको छु । यसरी राहत वितरण कार्यमा घरमुलिको संलग्नता हुने भएका कारण घरमूलिलाई उत्तरदाता बनाएको छु । यसका सथौ त्यहाँ अवस्थित राजनैतिक दलका स्थानिय प्रतिनिधि विशेष जानकार व्यक्तिहरु जस्तैः स्थानीय स्तरमा पठाएका शिक्षक, स्थानिय स्तरमा तत्कालै रिपोर्ट गरेका पत्रकार लगायत उत्तरदाता बनाइ तथ्यांक संकलन गरेको छु ।

### ३.५ तथ्यांक संकलनका विधिहरु

### ३.५.१ अन्तरवार्ता

भुकम्प प्रभावित क्षेत्रका प्रभावित घरहरुमध्ये नमुनाको रुपमा बढी क्षति पूगेका २५ घरमुलिलाई नै अन्तरवार्ता लिएको छु । यसरी राहत लिने कार्यमा घरमुलीको संलग्नता हुने भएकोले घरमुलीलाई नै अन्तरवार्ता लिएको हो । अनुसन्धानकर्ताले अन्तरवार्ताका माध्यमबाट आवश्यक तथ्यांक संकलन गर्नुका साथै अनुसन्धानलाई प्रभावकारी बनाउन अन्तरवार्ताको आवश्यकता रहन्छ । यसरी अन्तरवार्ता लिने क्रममा बन्द खालको प्रश्नावलीबाट तथ्यांक संकलन गरेको छु । यसरी बन्द खालको प्रश्नावलीबाट उत्तरदाता बहकिने, खोजेको कुरा भन्दा अन्य कुरा बढी आउने, समय, श्रोत आदिको बचतले गर्दा बन्द खालको प्रश्नावलीबाट आवश्यक तथ्यांक संकलन गरेको छु । यसका साथै प्रश्न सोध्ने क्रममा असंरचित प्रश्नावलीबकाट पनि तथ्यांक संकलन गरेको छु ।

### ३.५.२ विशेष जनकारसँगको अन्तरवार्ता

विशेष जानकारी व्यक्तिसँगको अन्तरवार्ता भुकम्प पछिको राहत वितरण कार्यलाई नजिकबाट प्रत्यक्ष अबलोकन गरको व्यक्तिहरुलाई जानकारीको रुपमा लिएको छु । यसका साथै उनीहरुले राहत वितरण कार्य प्रभावित भएको थियो भन्ने उद्देश्यले उनीहरुलाई प्रत्यक्ष भेटेर खुल्ला प्रश्नावलीको माध्यमबाट आवश्यक तथ्यांक संकलन गरेको छु । भुकम्प प्रभावित क्षेत्रमा पठनपाठन गराउने शिक्षकहरु मध्ये ३ जनासँग भुकम्प प्रभावित क्षेत्रको वडा कार्यालयमा कार्यारत कर्मचारी मध्येबाट ३ जनासँग भुकम्प प्रभावित क्षेत्रका स्थानिय स्तरमा हुने गतिविधिको जानकारी राख्ने व्यक्ति मध्ये ५ जनासँग भुकम्प प्रभावित क्षेत्रमा बसोवास गर्ने र संचार माध्यमबाट कार्यारत मध्येबाट १ जनासँग अन्तरवार्ता लिई तथ्यांक संकलन गरेको छु ।

### ३.६ तथ्याङ्क विश्लेषण

अध्ययन अनुसन्धानको सफलताका साथ संकलन गरिने तथ्याङ्कहरुको प्रभावकारी विश्लेषणमा भूकम्प पछिको राहत वितरण सम्बन्धित तथ्याङ्कलाई वर्गीकरण तालिकाको सहायताले विश्लेषण गरेको छु । यसरी विश्लेषण गर्दा निकालिएका तथ्यगत कुराहरुको प्रस्तुत गर्दा वर्णनात्मक विश्लेषणात्मक पक्षलाई जोड दिएको छ । संकलित तथ्याङ्कलाई तथ्याङ्कशास्त्रका प्रतिशत निकाल्ने विधिको सहायताले प्रतिशत निकाल्ने काम गरेको छ । यसरी विश्लेषण गरिएको तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरेको छु ।

अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

यस अधयययन क्षेत्रको रुपमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरापलिका वडा नं. ०६ लाई लिएको छु । यस क्षेत्रमा २५० घरधुरी भूकम्प पीडित मध्ये २५ भूकम्प पीडित घरलाई उत्तरदाताको रुपमा लिएको छु । यस क्षेत्रमा भूकम्पबाट प्रभावित क्षेत्र भइकोले पनि मैले यसलाई लिएको हो । यस वडा अन्तर्गत पर्ने कार्कीगाउँ, गौरीगाउँ, चापाडाँडा, फुलवारी, कटुवाल गाउँ, तल्लोगुठ, गणेशस्थान, कामिटार, इखाटोल, डाँडागाउँ आदि क्षेत्र यस अध्ययनमा समेटिएका छन् ।

### ४.१ उत्तरदाताको परिचय

यस अध्ययनको लाग महिला पुरुष जो घरमुलीको रुपमा छन तिनीहरुलाई उत्तरदाताको रुपमा लिएको छु । भूकम्प पछि तत्कालिन २ हप्तासम्मको समयमा जसले घरको घरमुलिको रुपमा रहेका छन तिनीहरुलाई यस अध्ययनमा उत्तरदाताका बनाइएको छ । यसलाई महिला पुरुष र उनीहरुको उमेरलाई निम्नानुसार तालिकामा प्रस्तुत गरेको छु ।

**तालिका नं. ४.१ : उत्तरदाताको परिचय**

| क.सं. | उमेर | महिला | पुरुष |
|---|---|---|---|
| १ | ३०-३५ | ३ | २ |
| २ | ३५-४० | ५ | ४ |
| ३ | ४०-४५ | ३ | ६ |
| ४ | ४५-५० | ० | २ |
| जम्मा | | ११ | १४ |

### ४.२ उत्तरदाताका शैक्षिक अवस्था

यस अध्ययनका लागि विभिन्न किसिमका उत्तरदाताबाट आवश्यक तथ्यांक संकलन गरिएको छ । यस अध्ययनमा के कति शैक्षिक योग्यता भएका उत्तरदातालाई लिएको थियो भन्ने सन्दर्भमा हेर्दा यस्तो विवरण प्राप्त भयो ।

**तालिका नं. ४.२ : उत्तरदाताको शिक्षा**

| क.सं. | शिक्षा (कक्षा) | उत्तरदाताको संख्या |
|---|---|---|
| १ | १०-१२ | ३ |
| २ | १२-१५ | १३ |
| ३ | १५ भन्दा माथि | ९ |
| जम्मा | | २५ |

## ४.३ जाति/जनजाति

नेपाल एक बहुजातीय देश हो । यहाँ विभिन जातजातिका मानिसहरु एक आपसमा मिलेर बसोवास गर्दछन् । अध्ययन क्षेत्रमा बसोवास गर्ने भूकम्प पिडीतहरुको जातिगत विवरणमा विविधता देख्न सकिन्छ । यहाँ विशेषत क्षेत्री र नेवार समुदाय रहेका छन् । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३ : उत्तरदाताको जातिगत विवरण**

| क.सं. | जाति/जनजाति | उत्तरदाताको संख्या |
|---|---|---|
| १ | क्षेत्री/ब्राम्हण | ११ |
| २ | नेवार/जनजाति | १४ |
| जम्मा | | २५ |

# अध्यायपाँच

## तथ्याङ्क विश्लेषण

### ५.१. राहत सामग्री प्राप्त

भूकम्प पछिको समयमा भूकम्प पिडीत मानिसहरूलाई विभिन्न वस्तुहरू आवश्यक पर्दछ । त्यस समयमा पिडीत मानिसहरूलाई सहज रूपमा जीवन चलाउन नसक्ने अवस्था रहन्छ । त्यस अवस्थामा जीवन सञ्चालन गर्नको लागि पिडीत व्यक्तिहरूले केही वस्तुहरूको आवश्यकता महसुस गर्दछन् र त्यसको लागि विभिन्नसङ्घ-संस्थाबाट सहयोगको अपेक्षा राख्दछन् । त्यस अवस्थामा विभिन्न सरकारी तथा निजी सङ्घ-संस्थाबाट खाद्यान्न, त्रिपाल, कम्बल, पानी, औषधी लगायतका राहत सामग्री भूकम्प पिडीतहरूलाई प्रदान गरिएको थियो । यसरी यस्ता सहयोगबाट जीवन सञ्चालन गर्न सक्छन् ।

त्यस समयमा त्यहाँ रहेका विभिन्न जानकारी व्यक्तिहरुले पनि केही सिमिति व्यक्ति बाहेक अन्यले फरक फरक किसिमको राहत सामग्रीहरु प्राप्त गरेको जानकारी गराए । यसरी त्यस  समयमा राहत सामग्री प्राप्त गर्न केही असजिलो भएको थियो ।

त्यस समयमा विभिन्न संघसंस्थाहरुबाट खाद्यान्न, त्रिपाल, कम्बल, जस्तापाता, औषधी, पानी दन्तमञ्जन लगायतका राहत सामग्री प्राप्त गरे । खासगरी त्यस समयमा भुकम्प पिडितहरुले सोंचे अनुरुपको राहत पाउन सकेन । त्यहाँ अवस्थिति भुकम्प पिडितहरु मध्यको एक निशा कार्कीका अनुसार “राहत वितरण कार्यमा सरकारी निकाए भन्दा पनि निजी संघसंस्थाहरुले छिटो राहत वितरण गरेको कुरा गर्नुभयो ।” यसका साथै त्यस समयमा लुमन्ती निजी संस्थाले छिटो छरितो तरिकाबाट राहत सामग्री उपलब्ध गराएको कुरा गर्नुभयो । त्यस समयमा घर पूर्ण रुपमा नष्ट भएको र कसले के सहयोग गर्छ भनि अपेक्षा गरेको तर तकालै कुनै पनि संघसंस्थाहरु त्यस समयमा आउन नसकेको कुरा गर्नुभयो । त्यसैगरी अर्को एक पिडित इन्दिरा चालिसेले पनि “भुकम्प पछि राहत वितरण कार्य भएको र जुन अति आवश्यक पर्ने सामग्रीहरु हुन् तिनीहरु प्राप्त गर्न नसकेको र राहत सागम्री पनि निजी संघसंस्थाहरुबाट केही मात्रामा पाएको बताउनुभयो । यसरी राहत वितरण कार्यमा विभिन्न संघसंस्थाहरुले विशेषत खाद्यान्नलाई प्राथमिकता राखेको र त्रिपाललाई पनि संगसँगै बाँडेकेका कुरा बताउनुभयो । केही संघसंस्थाबाट तत्कालिन अवस्थामा चाहिने विभिन्न प्रकारका औषधि लगायतका सामग्री वितरण गरेको कुरा गर्नुभयो । त्यसैगरी अर्का पिडित

सानुबाबु थापाले “आफूहरुले कुनै पनि प्रकारको राहत सामग्री पाउन नसकेको र त्यस समयमा कुनै पनि संघसंस्थाहरुबाट राहत वितरण गर्ने टोली आफ्नो क्षेत्रमा नआएको कुरा गर्नुभयो । यसका साथै त्यहाँ अवस्थिति विभिन्न घरका परिवार मिलि तत्कालिन समयमा आएको समस्या टरेको कुरा गर्नुभयो ॥

५.२राहत सामग्री प्राप्त गर्न लागेको समय

भूकम्प पछिको समयमा भूकम्प पिडीत मानिसहरूलाई विभिन्न किसिमको राहत सामग्र १-२ दिन पछि र दुई हप्ता सम्मको अवधिमा राहत सामग्री प्राप्त गरेका थिए ।भुकम्पछिको समयमा भुकम्प पिडितले राहत सामग्री प्राप्त गर्न केही दिन कुर्नुपरेको थियो । तत्कालै कुनै पनि नियकाहरु राहत सामग्री वितरण गर्न सम्बन्धित ठाउँमा पुग्न सकेको थिएनन् । यसरी हेर्दा राहत वितरण कार्य १ हप्ता पछि भएको पाइयो । जस्तैः मदन बोगटीका अनुसार “राहत वितरण कार्य तत्कालै हुन नसकेको थियो ।” तत्कालिन समयमा हामी भुकम्प पिडितहरुले राहत सामग्री पाउन सकिएन त्यसले गर्दा जिवन संचालन गर्न कठिनाइ भएको थियो । १ हप्ता पछि विभिन्न निजी संघसंस्थाहरु आएर राहत वितरण कार्य गरेका थिए । यस्तै अर्का भुकम्पपिडित सुरेन्द्र बहादुर खड्काले पनि राहत सामग्री तत्कालै प्राप्त गर्न नसकेको र आफूहरुलाई कसैले पनि सहयोग नगरेको बताए । यसका साथै उनीहरुले सरकारी निकायबाट अपेक्षा गरिएको थियो तर सरकारी निकाय पनि तत्कालिन समयमा आउन सकेन । यस्तै अर्को भुमकम्प पिडित सानुबाबा थापाले भुकम्प गएको धेरै समयसम्म आफूहरुले कुनै पनि राहत साामग्री नपाएको बताए ।

यसरी भुकम्प गएको १ हप्तापछि भुकम्प पिडितहरुले केही राहत सामग्री प्राप्त गरेको पाइयो । त्यस समयमा त्यस क्षेत्रमा प्रत्यक्ष अवलोकन गरेका सुरेश कार्कीले तत्कालिन समयमा चाहिने राहत सामग्री प्राप्त गर्न पनि भुकम्प पिडितहरुले धेरै समय कुर्नुपरेको थियो । यसरी त्यस समयमा राहत वितरण कार्य गर्दा सबै पिडितहरु समक्ष पुग्न नसकेको अवस्था रह्यो । कुनै क्षेत्रमा केही निजी संघसंस्था लगायतहरुले राहत वितरण गरे भने कुनै क्षेत्रमा कोही पनि पुग्न सकेनन् । यसरी भुकम्पछिको समयमा बुहसंख्या भुकम्प पिडीतहरुले विभिन्न निजी संघसंस्थाबाट राहत सामग्री प्राप्त गरेको पाइयो ।

### ५.३ राहत सामग्री उपलब्ध गराउने संघसंस्था

भूकम्प पछिको समयमा भूकम्प पिडीत मानिसहरूलाई विभिन्न किसिमको राहत सामग्री आवश्यकता पर्दछ । त्यस समयमा भूकम्प पिडीत व्यक्तिहरूलाई आवश्यक राहत सामग्री कसले उपलब्ध गरायो । त्यस समयमा छिमेकी, लुमन्ती, कवाडी जस्ता संस्थाहरूबाट भूकम्प पिडीतहरूले राहत पाए भने नातेदार, गुठी संस्था, व्यक्तिगत रूपमा कसैले पनि भूकम्प पिडीतहरूलाई सहयोग गरेनन् ।

भुकम्प गएको समयमा केही सामाजिक संघसंस्थाहरुले सहयोग गरेका छन् । त्यस समयमा छिमेकी, लुमन्ती संस्था, कवाडी संस्थाहरुले सहयोग गरेको पिडितहरुले बताए । सरोज कार्कीका अनुसार "भुकम्प गएको केही दिनपछि छिमेकीले सहयोग गरेको बताए ।" त्यसपछी लुमन्ती संस्था कवाडी संस्थाहरुले केही राहत सामग्री वितरण गरेका थिए । त्यस समयमा छिमेकीबाट खाद्यान्न (दाल, चामल, चाउचाउ केही मात्रामा आदि) बस्ने मिल्ने ठाउँ त्यसको पनि छिमेकीबाट सहयोग प्राप्त गरेको उनको भनाइ थियो । लुमन्ती संस्थाले पानी, दन्तमञ्जन लगायतका सामग्रीहरु सहयोग गरेको थियो भने कवाडी संस्थाले जस्ता पाताहरु सहयोग गरेको थियो । यसैगरी अर्का पिडित किरण के.सी.ले पनि आफूलहरुले छिमेकीबाट धेरै सहयोग प्राप्त गरेको कुरा बताए । यसका साथै लुमन्ती संस्थाहरुले पनि सहयोग गरेको बताए । नातेदार, गुठी संस्था र कसैले व्यक्तिगत रुपमा सहयोग नगरेको बताए । नातेदारहरु आफै पिडित भए अरुलाई सहयोग गर्न नसकेको कर गुठी संस्थाले पनि त्यस समयमा सहयोग गर्न सकेको थिएन । गुठी संस्थाले सहयोग नगर्नु पछाडी गुठी संस्थाका कर्मचारीहरु, व्यक्तिहरु आफूहरु नै पिडित भएर आफ्नो घरपरिवार व्यक्ति हेर्नुपर्ने अवस्था थियो उनले भने । यसरी भुकम्प पिडितहरुलाई छिमेकीबाट सहयोग भएको पाइयो ।

यस्तैगरी अर्का पिडित सानुबाबु थापाले थपे "भुकम्प गएको समयमा कुनै पनि सहयोग संघसंस्थाबाट नपाएको बताए ।" उनले भने नत छिमेकीबाट सहयोग पाइयो नत अन्य संघसंस्था, नातेदार, गुठीसंस्था कुनै पनि संघसंस्थाहरुबाट सहयोग प्राप्त गर्न नसकेको कुरा बताए । छिमेकीहरुबाट त्यस समयमा राहत सामग्री दिनुपर्छ भन्ने सोंच नभएका कारण केही सहयोग नपाएको बताए । त्यस समयमा नजिकबाट नियालीहरहेका किशोर महर्जनका अनुसार "छिमेकी, लुमन्ती संस्थाहरुले सहयोग गरेको थियो भने अन्य नातेदार गुठी संस्थाहरुले सहयोग गरेका थिएनन् । यसरी सहयोग नगर्नुको पछाडी उनीहरु आफुहरु

नै पिडित भएर हो जस्तो लाग्ने कुरा बताए । कुनै क्षेत्रमा छिमेकीबाट पनि सहयोग नपाएका समाचारहरु तत्कालिन समयमा सुन्न पाएको कुरा उनले भने । यसरी धेरै जसो ठाउँमा छिमेकी, लुमन्ती, कवाडी जस्ता संस्थाहरुले भुकम्प गएको केही दिनपछि सहयोगी भावना देखाएका थिए ।

५.४ सबभन्दाछिटो राहत सामग्री उपलब्ध गराउने संघसंस्था

भूकम्प पछिको २ हप्तासम्म भूकम्प पिडीत मानिसहरूलाई कुन कुन संस्थाले विशेष प्राथमिकता राखि छिटो राहत वितरण गरे । त्यस समयमा नातेदार, छिमेकी, गुठी संस्था, व्यक्तिगत, लुमन्ती संस्था, कवाडी संस्था मध्ये कुनले भूकम्प पिडीतहरूलाई प्राथमिकतामा राखि राहत सामग्री वितरण गरेका थिए ।

भुकम्प गएको समयपछि भुकम्पपिडितहरुलाई कुन संघसंस्थाले विशेष ध्यानमा राखि राहत सामग्री वितरण गरेका थिए । विशेषत भुकम्पपिडितहरुलाई लुमन्ती संस्थाले पहिलो प्राथमिकतामा राखी राहत वितरण गरेको थियो । लुमन्ती संस्थाले पिडितहरुलाई आवश्यक सामग्री राहत स्वरुप वितरण गरेको थियो । भुकम्पपिडित मध्यको एक निशा कार्कीका अनुसार "भुकम्प गएको केही दिनपछि लुमन्ती संस्थाका प्रतिनिधि आएर राहत सामग्री वितरण गरेका थिए । त्यस्ता राहत सामग्रीले हामी भुकम्प पिडितहरुलाई केही राहत प्राप्त भयो ।" तत्कालिन समयमा आवश्यक पर्ने खाद्यान्न, पानी, दन्तमञ्जन लगायतका राहत सामग्री लुमन्ती संस्थाले वितरण गरेको थियो । त्यसपछि छिमेकीहरु केही सहयोगी हात लिएर हामी पिडितहरुलाई सहयोग गर्न आए । छिमेकीहरु पनि आफ्नो घरमा जान गाह्रो भएका कारण केही समय पछि राहत सामग्री दिएर सहयोग गरे । त्यस्तै गरी अर्का पिडित मदन बोगलीले पनि "हाम्रो क्षेत्रमा सबभन्दा पहिला छिमेकी आए सहयोग गरेको कुरा गरे । उनले छिमेकी नै सुख दुखको साथी हो भन्दै छिमेकीबाट भुकक्पपछिको तत्कालिन अवस्थामा सहयोग प्राप्त भयो । विशेषतः छिमेकीबाट खाद्यान्न प्राप्त गरेका थिए । साथै बस्नको लागि आवश्यक सामानहरु त्रिपाल, खान पकाउने सामाग्री र खाने सामग्रीका साथै पानी पनि सहयोग छिमेकीबाट भएको पाइयो । यसरी भुकम्पपछिको समयमा छिमेकी, लुमन्ती संस्थाबाट राहत सामग्री प्राप्त गरे । यसरी भुकम्पपछि अधिकांश भुकम्प पिडितहरुले राहत सामग्री प्राप्त गरे

### ५.५ सामाजिक संस्थाले वितरण गरेको राहत सामाग्री

भूकम्प पछिको समयमा भूकम्प पिडीत मानिसहरूलाई समाजमा विद्यमान विभिन्न सामाजिकसङ्घ-संस्थाले भूकम्प पिडीतहरूलाई राहत सहयोग गरेका थिए ।

भुकम्प पछिको समयमा विभिन्न संघसंस्थाले विभिन्न प्रकारको राहत सामग्री वितरण गरे । संघसंस्थाले राहत वितरण गर्दा खाद्यान्न, त्रिपाल लगायतका राहत सामग्री वितरण गरेका छन् । विशेषत संघसंस्थाले राहत सामग्री वितरण गर्दा कुन कुन राहत सामग्रीलाई ध्यानमा राखी राहत सामग्री वितरण गरेका थिए । भुकम्प पिडितमध्येका एक पुष्प डंगोलका अनुसार “विभिन्न संघसंस्थाबाट खाद्यान्न, त्रिपाल लगायतका राहत सामग्री वितरण भएको भनाई छ । विशेषत खाद्यान्न (चाउचाउ, चिउरा, चामल, दाल आदि) पहिलो प्राथमिकतामा राखि राहत वितरण गरेका थिए । त्यसले भुकम्प पिडितको तत्कीलन जिवन संचालन गर्न महत्वपूर्ण योगदान पुर्यायो । त्यसपछि बस्नको लागि त्रिपाल वितरण गरेका थिए । त्रिपाल सामुहिक रुपमा वितरण गरिएको थियो” यसले गर्दा तत्कालिन समयमा भुकम्प पिडितहरुको जिवन नियाल्नको लागि विभिन्न संघसंस्थाहरुबाट प्राप्त सहयोग उपयोगी भएको थियो । भुकम्पपिडित मध्यको अर्का पिडित आशामाया महर्जनका अनुसार “विभिन्न संघंस्थाले राहत सामग्री वितरण गरेर सहयोग गरेको कुरा उल्लेख गर्नुभयो । पहिला त कुनै संघसंस्थाबाट राहत सहयोग प्राप्त नभएको तर केही दिनपछि विभिन्न संघसंस्थाका प्रतिनिधिहरु राहत सामग्री वितरण गर्न आएको बताउनु भयो । साथै संघसंस्थाले खाद्यान्नलाई पहिलो प्राथमिकतामा राखी राहत सामग्री वितरण गरे । यसले गर्दा हामी पिडितहरुलाई जिवन संचालन गर्न सहयोगी भयो । संघसंस्थाले खाद्यान्न पछि धेरै परिवारलाई समेट्ने गरी त्रिपाल वितरण गरेका थिए । यसले एउटै त्रिपालमुनी २/३ परिवार बस्ने मिल्ने व्यवस्था थियो । यकसा साथै कम्बल, भाँडाकुँडा, जस्तापाता, पानी, औषधी, दन्तमञ्जन, साबुन आदि राहत सामग्री विभिन्न संघसंस्थाबाट राहत स्वरुप वितरण भएको थियो ।” यसरी यी राहत सामग्रीले भुकम्प पिडितहरुलाई जीवन संचालनमा केही सहयोगी भुमिका निर्वाह गरेको छ । यस्तैगरी त्यहाँ अवस्थित राजनैतिक दलका प्रतिनिधि मध्यको एक व्यक्तिले भन्नुभयो “विभिन्न संघसंस्थाबाट भुकम्प पिडितहरुलाई राहत सामग्री वितरण भएको र त्यसले उनीहरुको तत्कालिन अवस्थामा केही सहयोग पुगेको बताए । यसका साथै केही ठाउँमा केही भुकम्प पिडितहरु बाहेक सबैले संघसंस्थाबाट वितरण राहत सामग्री प्राप्त गरे । यसका

साथै त्यसरी राहत वितरण कार्यमा राजनैतिक दलका प्रतिनिधिहरुले सहयोगी भुमिका खेलेको बताए ।"

यसरी भुकम्प पछिको केही दिनमा अधिकांश भुकम्प पिडितहरुले विभिन्न संघसंस्थाबाट प्राप्त राहत सामग्री प्राप्त गरे । जसले गर्दा पिडितहरुको जिवन संचालनमा महत्वपूर्ण योगदान पुऱ्यायो ।

५.६ सामाजिक संस्थाले राहत वितरण गर्न लागेको समय

भूकम्प पछिको समयमा भूकम्प पिडीत मानिसहरूलाई जीवन सञ्चालन गर्न विभिन्न प्रकारका राहत सामग्रीको आवश्यकता पर्दछ । समाजमा विद्यमान विभिन्नप्रकारका सामाजिक सङ्घ-संस्थाले विभिन्न किसिमको राहत वितरण गरेको पाइयो । भूकम्प गएको तत्कालीन अवस्थामा भूकम्प पिडीत मानिसहरूलाई ति सामाजिक संस्थाले सहयोग गरे ।

भुकम्प गएको कति समयपछि विभिन्न संघसंस्थाहरु राहत सामग्री वितरण गर्न भुकम्प पिडित समक्ष पुगे । तत्कालै कुनै पनि संघसंस्था भुकम्प पिडित समक्ष पुग्न सकेनन् भने १/२ दिन देखि १/२ हप्ता सम्ममा भुकम्प पिडित समक्ष राहत सामग्री वितरण गर्न पुगेका थिए । तत्कालिन समयमा विभिन्न संघसंस्थाहरुबाट पिडितहरुले राहत सहयोग प्राप्त गरे । यसै सन्दर्भमा एक पिडित मदन बोगटीका अनुसार "भुकम्प गएको तत्कालिन समयमा हामी पिडितहरुले राहत सामग्री पाउन सकेका थिएनौ भने केही समयपछि केही संघसंस्थाहरु राहत सामग्री विरतण गर्न थाले । तत्कालै नआउनुको पछाडि भुकम्पले कुन क्षेत्रमा कति र कस्तो (भौतिक, मानविय आदि) प्रभाव पारेको छ त्यसको जानकारी नपाएर नआएको हुनसक्छ । तत्कालै आउनको लागि बाटो, राहत सामग्री, संघसंस्थाका प्रतिनिधिहरु नभएर पनि आउन सकेका थिएनन् । पछि बिस्तारै वातावरण सहज हुन थाल्यो, राहत सामग्री संकलन गर्न सजिलो भयो, त्यसपछी विभिन्न संघसंस्थाका प्रतिनिधिहरु राहत बाड्न आए ।" तत्कालै नआएपनि भुकम्प गएको १/२ दिन पछि राहत सामग्री पिडितहरुले संघसंस्थाबाट पाउन थाले । यस्तै अर्का पिडित सुरेन्द्र बहादुर खड्काले पनि "तत्कालै नआउनुको पछाडि यि माथिका कारणहरु बताए । यसका साथै संघसंस्थालाई कुन क्षेत्रमा पहिलो प्राथमिकता दिने भन्ने विषयमा एकनि नहुँदा संघसंस्थाहरु राहत वितरण कार्य केही दिन ढिलो भएको बताए । यसका साथै तत्कालै कुनै राहत सामग्री नभएको, भुकम्पले पनि केही दिनसम्म प्रभाव पारिरहेको अवस्थाले गर्दा पनि संघसंस्थाहरु राहत वितरण गर्न आउन

सकेनन् ।" यसरी विभिन्न समस्याहरुले गर्दा विभिन्न संघसंस्थाहरुले तत्कालै राहत सामग्री वितरण गर्न सकेनन् । यसका साथै केही दिन पछि भएपनि विभिन्न संघसंस्थाहरुबाट पिडितहरुले राहत सामग्री प्राप्त गर्न सके ।

## ५.७ राहत वितरणमा एकरुपता

भूकम्प पछिको समयमा भूकम्प पिडीत मानिसहरूलाईत्यस अवस्थामा जीवन सञ्चालन गर्नको लागि विभिन्न प्रकारको राहत सामग्री आवश्यकता पर्दछ । यहाँ एकरुपता भन्नाले भूकम्प पीडितलाई समान रुपमा राहत वितरण भएको थियो त भन्ने कुरालाई प्रस्तुत गर्न खोजिएको हो । यसरी भूकम्प पीडितलाई राहत वितरण गर्ने संघसंस्थाहरुले पूर्वाग्राही नराखी राहत वितरण गरेका थिए त भन्ने कुराको जानकारी लिन खोजिएको हो । त्यससमयमा विभिन्नसामाजिक सङ्घ-संस्था, सरकारी निकाय, स्थानीय निकाय लगायतका संस्थाबाट राहत सामग्री वितरण भएको थियो । त्यस समयमा यी विभिन्नसङ्घ संस्था, निकायहरूले कुनै प्रभावमा नपरी सबै भूकम्प पीडितहरुलाई राहत सामाग्री वितरण गर्दा कसैको दबावमा नपरी एकै किसिमबाट वितरण गरेको थियो । यसका साथै पहुँचनको आधारमा छिटो, पहुँच नपुगेकोले ढीलो राहत सामाग्री प्राप्त गरेका थिए ।

भुकम्प पछिको समयमा विभिन्न निजि, सरकारी संघसंस्थाहरुले भुकम्प प्रभावित व्यक्तिहरु/मानिसहरुलाई राहत वितरण गरेका थिए । भुकम्पपछि यी विभिन्न संस्थाबाट राहत सामग्री वितरण गर्दा सबै पिडितहरुलाई समान रुपमा राहत वितरण गरेका थिए कि थिएनन् । तत्कालिन समयमा यसरी राहत वितरण कार्य गर्दा राजनैतिक प्रभावको पनि असर पुगेको थियो । यसै सन्दर्भमा एक पिडित सरोज कार्कीका अनुसार "विभिन्न संघसंस्थाको राहत वितरण कार्य समान रुपमा नभएको बताए । उनले राहत वितरण कार्य गर्दा राजनैतिक प्रभाव, टाठाबाठाले धेरै पाएको र सोझासाझा जनताले त्यस्तो नपाएको बताए । यसका साथै राजनैतिक शक्तिले राहत वितरण कार्य गर्दा एकरुपमा ल्याउनमा सहयोग पुऱ्याउन सकेनन् । किनकि आफ्ना कार्यकर्तालाई विशेष ध्यान राखि विभिन्न संघसंस्थाबाट आएको राहत सामग्री आफु अनूकुल वितरण गरेका थिए । यसले गर्दा प्रत्यक्ष प्रभावित भन्दा अरुले पनि राहत सामग्री प्राप्त गरे । यसले गर्दा पिडितहरुले राहत सामग्री पाउन गाह्रो भयो तर केही सिमति व्यक्तिहरुले मात्र राजनैतिक प्रभावका आधारमा राहत

पाए पनि अरुले त्यसरी भन्दा पनि पालोअनुसार राहत सामग्री पाएको बताए । त्यस्तै गरी अर्का पिडित किरण के.सी.ले पनि "राहत वितरणमा एकरुपता/समान रुपमा वितरण नभएको बताए । उनले राहत वितरण कार्यलाई राजनैतिक शक्तिले प्रभाव पारेको बताए । यसका साथै राजनैतिक दलका नेताहरुले आफ्ना कार्यकर्तालाई पहिलो प्राथमिकतामा राखि राहत वितरण गर्दा राहत वितरण कार्य प्रभावित भएको थियो । त्यस समयमा राहत वितरण गर्न आएका विभिन्न संघसंस्थाहरुलाई आफु अनुकुल राहत वितरण गर्नलाई पिडितहरुलाई भन्दा आफ्ना कार्यकर्तालाई विशेष ध्यान दिएर राहत सामग्री बाड्दा पिडितभन्दा पनि कार्यकर्ताहरुले प्राप्त गरेका थिए ।

त्यस्तै गरी त्यहाँ अवस्थिति विभिन्न क्षेत्रका बुद्धिजिविहरुको भनाइमा पनि विभिन्न संघसंस्थाहरुबाट हुने राहत वितरण कार्य राजनैतिक प्रभाव पनि केही हदसम्म परेको बताए । यसका साथै यसले गर्दा राहत वितरण कार्यलाई प्रभावित बनाएको छ । केही केही ठाउँमा केही मात्रामा बाहेक अन्य क्षेत्रमा राजनैतिक प्रभावले राहत वितरण कार्यमा प्रभाव पारेको छैन । यसरी समग्रमा हेर्दा राजनैतिक दलको केही प्रभावले बाहेक अरु कुनै पनि कुराले राहत वितरण कार्यलाई प्रभाव पारेको छैन ।

### ५.८ गैर पिडीतको सहयोग

भूकम्प पछिको समयमा भूकम्प पिडीत मानिसहरूलाई आवश्यक पर्ने विभिन्न वस्तुहरू तत्काले/ केही समयपछि सहयोग भएको थियो । त्यस समयमा विभिन्नसङ्घ-संस्थाहरूले भूकम्प पिडीतहरूलाई राहत वितरण गरेर सहयोग गरे । त्यस समयमागैर पिडीतले पिडीत व्यक्तिहरूलाईसहयोग गरे । त्यस समयमा भूकम्पले उनीहरूको भौतिक वस्तु जस्तै– घर माथि असर नगरेको, उनीहरूलाई तत्कालै चाहिने विभिन्न प्रकारको वस्तुहरू घरमै भएको र भूकम्पले उनीहरूको जीवनमा प्रभाव नपारेको वा तत्कालै कुनै प्रकारको राहत सामग्री आवश्यक नपरेको व्यक्तिहरूलाई गैर पिडीत मानिएको छ ।

भुकम्प पछिको समयमा भुकम्प पिडितहरुलाई विभिन्न संघसंस्थाहरुले राहत सामग्री वितरण गरेका थिए । यस्तै गरी तत्कालिन समयमा भुकम्प पिडितहरुलाई गैर पिडितहरुले सहयोग गरेका थिए वा थिएन् भन्ने कुरा हेर्दा गैर पिडितहरुले पिडितहरुलाई सहयोग गरेका थिएनन् । गैरपिडितहरुले पिडितहरुलाई सहयोग गर्न ध्यान निदएको पाइयो । यसै सन्दर्भमा एक भुकम्पपिडित मदन बोगटीका अनुसार गैरपिडितहरुले पिडितहरुलाई सहयोग गरेका थिएनन्

। उनीहरुले तत्कालिन समयमा त्यतातिर ध्यान नदिहुँदा पनि उनीहरुले कुनै प्रकारको सहयोग प्राप्त भएन् । गैर पिडितहरुले पिडितहरुको समस्या नबुझ्दा पनि यस्तो समस्या आएको हुन सक्छ । गैरपिडितहरुले पिडितहरुलाई राहत स्वरुप सामग्री वितरण गर्दा आफूलाई केही समयपछि अप्ठ्यारो पर्ने हो कि भन्ने भावनाले गर्दा सहयोग नगरेको हो । यस्तो अवस्था कति समयसम्म रहन्छ त्यसको बारेमा ज्ञान नहुँदा पनि यस्ता समस्या आएका हुन सक्छन् । "यस्तै गरी अर्का पिडित निशा कार्कीका अनुसार पनि "गैर पिडितहरुले पिडितहरुलाई सहयोग नगरेको कुरा बताइन । उनीहरुले अप्ठ्यारोमा परेका मानिसहरुलाई सहयोगी भावना देखाउन नसक्दा यस्तो समस्या आएको कुरा बताउनुभयो ।" यसरी गैर पिडितहरुले पिडितहरुलाई सहयोग नगरेको कुरा बताउनुभयो ।

यस्तैगरी त्यस समयमा यो कुरालाई नजिकबाट अबलोकन गर्नुभएका सन्तोष खनालले पनि पिडितहरुलाई गैरपिडितहरुले सहयोग नगरेको कुरा बताए । यसका साथै पछिल्लो समयमा काठमाण्डौंमा बढ्दै गएको व्यक्तिवादी सोंचले गर्दा पनि यस्तो समस्या आएको छ । कसैको सहयोग नमाग्ने र नदिने चलनले गर्दा यस्तो समस्या आएको हो । यसरी यस्तो अवस्थामा त्यस्तो सोंच विचारमा परिवर्तन आउनुपर्दछ ।

### ५.९ राजनैतिक शक्तिले गैर पीडितले राहतप्राप्त

भूकम्प पछिको समयमा विभिन्न निकायहरूबाट भूकम्पबाट प्रभावित क्षेत्रमा राहत सामग्री वितरण कार्य भयो । त्यस समयमा यस्ता निकायकाप्रतिनिधिहरूलाई राजनैतिक दलका प्रतिनिधिहरूले राहत वितरणमा सहयोग गरे । यसैगरी त्यहाँ अवस्थित राजनैतिक दलका स्थानीय प्रतिनिधिहरूको दबावमा परि राहत वितरण कार्य प्रभावित भएको थियो तर त्यस समयमा प्रभावित ठाउँमा रहेका भूकम्पबाट कुनै पनि असर नपरेका व्यक्तिहरू जो गैर पिडीतहरू थिए ।

भुकम्प पछिको राहत वितरण कार्यमा राजनैतिक दलका स्थानिय प्रतिनिधिहरुको भुमिका कस्तो रह्यो । तत्कालिन समयमा विभिन्न संघसंस्थाबाट आएका राहत वितरण गर्ने प्रतिनिधिहरुलाई दबाबमा पारी आफू अनुकूल राहत सिामग्री वितरण गर्न लगाएका थिए । राजनैतिक दलका स्थानिय प्रतिनिधिहरुले आफ्ना कार्यकर्ताहरुलाई ध्यान दिई राहत वितरण गर्दा गैरपिडितहरुले पनि राहत सामग्री प्राप्त गरेका थिए । यसै सन्दर्भमा एक पिडित मदन बोगटीका अनुसार "राहत सामग्री प्राप्त वितरण गर्दा राजनैतिक दलले आफु अनुकूल राहत

सहयोग वितरण गर्दा पिडित भन्दा पनि गैर पिडितहरुले सहयोग पाएका थिए । पिडितहरुलाई भनेर आएको राहत सहयोग गैर पिडितहरुले प्राप्त गरेको बताए । पिडित भन्दा पनि आफ्नो मानिस कार्यकर्तालाई राहत सामग्री वितरण गरेको बताए ।

राजनैतिक शैलिले पनि राहत वितरण कार्यमा प्रभाव पारेको छ । आफ्नो चुनावी क्षेत्रमा राहत सामग्री धेरै लैजाने प्रतिस्पर्धा चल्दा पनि राहत सामग्री एक ठाउँमा बढी गएको, जानुपर्ने ठाउँमा नगएको, पाउनुपर्ने व्यक्तिले नपाएको समस्या आएको छ । यसरी राहत वितरण कार्यमा राजनैतिक शक्तिको प्रभावले पिडितले भन्दा गैर पिडितले राहत सामग्री प्राप्त गरेका थिए ।

यस्तै गरी अर्का पिडित किरण के.सी.का अनुसार "राजनैतिक शक्तिको पनि राहत वितरणमा प्रभाव पारेको छ । खासगरी तत्कालिन समयमा विभिन्न संघसंस्थाबाट राहत वितरण गर्दा राजनैतिक दलका स्थानिय प्रतिनिधिहरुले आफ्ना नजिकका मान्छे र आफ्ना कार्यकर्ताहरुलाई विशेष प्राथमिकतामा राखी राहत वितरण गर्दा पिडितले भन्दा गैरपिडितले राहत सामग्री पाए । पिडितहरुमध्ये पनि राजनैतिक दलका कार्यकर्ताहरुले छिटो पाए । उनीहरलाई अरुलाई जस्तो राहत सामग्री पाउन गाह्रो भएन । राजनैतिक दलका प्रतिनिधिहरुले राहत वितरण कार्यमा प्रभावकारी आफू अनुकूल राहत वितरण गर्न लगाई गैर पिडितहरुलाई राहत सामग्री  वितरण गरेका थिए ।

त्यस समयमा नजिकबाट अबलोकन गरेका व्यक्तिहरुले पनि केही मात्रामा भएपनि राहत वितरण राजनैतिक दलका प्रतिनिधिहरुको प्रभाव थिएन तर धेरै मात्रामा राहत वितरण कार्यमा राजनैतिक दलका प्रतिनिधिहरुको प्रभाव परेको थियो । जसले गर्दा पिडित भन्दा पनि राजनैतिक कार्यकर्ताहरु/गैर पिडितहरुले राहत सामग्री प्राप्त गरेका थिए । यसरी हाम्रो क्षेत्रमा जुनसुकै क्षेत्रमा जस्तो सुकै अवस्थामा पनि राजनैतिक दलको प्रभाव पर्न गयो ।

## ५.१०सबैभन्दा पहिला कुन सरकारी निकायबाट राहत प्राप्त

भूकम्प पछिको समयमा विभन्नि सङ्घ-संस्थाहरूबाट भूकम्प पिडीतहरूलाई विभिन्न प्रकारको राहत सामग्री वितरण भयो । त्यस समयमा विभिन्न सरकारी निकायबाट पनि भूकम्प पिडीत व्यक्तिहरूलाई राहत वितरण कार्य भएको थियो । वडा कार्यालय, जिल्ला विकास कार्यालय, जिल्ला दैविक प्रकोप कार्यालय लगायतका सरकारी

निकायहरूमध्ये सवभन्दा पहिला कुन कुन सरकारी निकायबाट भूकम्प पिडीत मानिसहरूलाई राहत सामग्री वितरण भयो ।

भुकम्प पछिको समयमा विभिन्न निजी संघसंस्था र सरकारी निकायहरु राहत सामग्री वितरण गर्न सम्बन्धी ठाउँमा गएका थिए । सरकारी निकायहरु मध्ये कुन सरकारी निकाय राहत सामग्री वितरण गर्न भुकम्प पिडित समक्ष पुग्न सफल भएका थिए । तत्कालिन समयमा सरकारी निकाय मध्ये वडा कार्यालय नै सबभन्दा छिटो राहत सामग्री वितरण गर्न पुगेको थियो । सरकारी नियकाहरुमध्ये सबैभन्दा तल्लो निकाय वडा कार्यालय भएकोले पिडितहरुसँग समन्वय गर्न सक्ने र माथिल्लो सरकारी निकायबाट तल्लो निकायलाई काम कारबाही गर्न दिने भएकोले पनि भुकम्पपिडितहरु समक्ष वडा कार्यालय पुगेको थियो । यसै सन्दर्भमा भुकम्प पिडित निशा कार्कीका अनुसार “सरकारी निकायमध्ये सबैभन्दा पहिला राहत सामग्री वितरण गर्न वडा कार्यालय आएको बताउनुभयो । यसका साथै निजी संघसंस्था भन्दा पछि सरकारी निकाय आएको र त्यसमा वडा कार्यालयनै पहिला आएको बताउनुभयो । वडा कार्यालयबाट खाद्यान्न त्रिपाल, कम्बल लगायतका राहत सामग्री प्रदान गरेको थियो ।”

त्यसैगरी अर्का पिडित सरोज कार्कीका अनुसार पनि सरकारी निकायहरुमध्ये वडा कार्यालयबाट नै सबभन्दा पहिलो राहत सामग्री प्राप्त गरेको बताउनुभयो । सरकारी निकायहरुमध्ये तल्लो निकाय जनतासँग प्रत्यक्ष सरोकार राख्ने भएकोले पनि अन्य सरकारी निकाय मध्ये पनि वडा कार्यालय नै भएकोले गर्दा वडा कार्यालय पिडित समक्ष आएको बताए । वडा कार्यालयले भुकम्प पिडितहरुलाई आवश्यक पर्ने राहत सामग्री वितरण गरेको थियो ।

यसैगरी तत्कालिन समयमा त्यस वडा कार्याल्यका कर्मचारी मध्यको एक सरोज महर्जनले पनि अन्य संघसंस्था जस्तो हामी छिटो राहत सामग्री बोकेर तत्कालै पिडित समक्ष पुग्न नसकेको बताउनुभयो । उहाँले तत्कालै वडा कार्यालयमा राहत सामग्री नभएकोले र त्यसको प्रक्रिया पुर्‍याउँदा ढिलो भएको बताउनुभयो । यसका साथै माथिल्लो निकायसँग समन्वय गर्दा र माथिल्लो निकायबाट आउने राहत सामग्री आउने सम्भावना, राहत सामग्री संकलन, किन्नको लागि माथिलो निकायसँग समन्वय गर्दा पनि यस्तो समस्या

आएको बताउनु भयो । ढिलो भएपनि राहत सामग्री भुकम्प पिडितहरुलाई राहत हुने गरी वितरण गरेको बताउनुभयो ।

यसरी विभिन्न निकायसँग समन्वय गर्दा वडा कार्यालय पिडित समक्ष पुग्न ढिलो भएको पाइयो ।

## ५.११वडा कार्यालयबाट राहत प्राप्त सम्बन्धी

भूकम्प पछिको समयमा विभिन्न सरकारी निकायबाट भूकम्प प्रभावितव्यक्तिहरूलाईविभिन्न किसिमको राहत वितरण भयो । यसैगरी त्यस समयमा सरकारी निकाय अन्तर्गतको वडा कार्यालयबाट पनि भूकम्प प्रभावित व्यक्तिहरूलाई राहत वितरण भयो ।

भुकम्प पछिको समयमा विभिन्न सरकारी निकायबाट भुकम्प प्रभावित व्यक्तिहरुलाई राहत सामग्री वितरण गरेको थियो । तत्कालिन समयमा सरकारी निकायमध्ये तल्लो निकाय वडा कार्यालयबाट भुकम्प पिडितहरुलाई राहत सामग्री वितरण गरेको थियो । यसले भुकम्प पिडितहरुलाई जिवन संचालन गर्न सजिलो बनाएको थियो । यसका सन्दर्भमा वडा कार्यालयबाट तत्कालिन समयमा राहत सामग्री उपलब्ध भएको थियो भन्ने सन्दर्भमा भुकम्प प्रभावित व्यक्तिहरुका एक व्यक्ति निशा कार्कीका अनुसार “वडा कार्यालयबाट भुकम्प पछिको केही समय पछि राहत सामग्री प्राप्त गेको बताउनुभयो । यसका साथै तत्कालिन समयमा वडा कार्यालयबाट कुनै सहयोग प्राप्त नभएको बताए । विभिन्न निजी संघसंस्था, गैरसरकारी संस्थाबाट राहत सामग्री प्राप्त गरेपछी वडा कार्यालयबाट राहत सामग्री उपलब्ध भएको जानकारी गराउनुभयो । यस्तैगरी अरु पिडितहरुले पनि वडा कार्यालयबाट राहत सामग्री प्राप्त गर्न धेरै समय कुर्नुपरेको बताए । यसरी वडा कार्यालयबाट राहत सामग्री वितरण गर्न केही ढिलो भएको र ढिलै भएपनि राहत सामग्री उपलब्ध गराएको थियो ।

## ५.१२ वडा कार्यालयले कस्तो राहत प्रदान गऱ्यो

भूकम्प पछिको समयमा विभिन्न सरकारी निकायबाट भूकम्प प्रभावितव्यक्तिहरूलाईविभिन्नप्रकारको राहत वितरण भयो । सरकारको तल्लो निकाय वडा कार्यालयबाट पनि राहत वितरण भएको थियो । त्यस समयमा भूकम्प पिडीत

व्यक्तिहरूलाई खाद्यान्न, त्रिपाल, कम्बल, भाँडाकुँडा, औषधी, पानी लगायतका राहत सामग्री वितरण भएको थियो ।

तत्कालिन समयमा वडा कार्यालयबाट के कस्तो राहत सामग्री प्रदान भएको थियो भन्ने सन्दर्भमा भुकम्पपिडित किरण के.सी.का अनुसार तत्कालिन समयमा वडा कार्यालयबाट खाद्यान्न (चामल, चिउरा, दाल, चाउचाउ आदि), त्रिपाल (सामुहिक रुपमा), कम्बल, भाँडाकुँडा, पानी, औषधी लगायतका सामग्री वितरण भएको थियो । त्यसरी राहत सामग्री वडा कार्यालयबाट सबै पिडितहरुलाई एक निश्चित ठाउँमा बोलाएर वितरण गरिएको बताए । यसरी वडा कार्यालयबाट प्राप्त राहत सामग्रीले भुकम्पपछि जिवन संचालन गर्न सहज भएको थियो ।”

त्यसैगरी अर्का पिडित निशा कार्कीले भुकम्पपछि वडा कार्यालयबाट विभिन्न किसिमका राहत सामग्री वितरण भएको बताउनुभयो । उहाँको भनाइ अनुसार वडा कार्यालयबाट तत्कालिन समयमा खाद्यान्न (दाल, चिउरा, दालमोट, चाउचाउ), त्रिपाल, भाँडाकुँडा, औषधी, पानी लगायतका राहत सामग्री वितरण गरिएको बताउनुभयो । साथै यसरी वितरण गरिएका खाद्यान्न, भाााडाकुँडा, औषधी, पानी, कम्बल लगायत सामग्री सहज भएतापनि त्रिपाल पाउन गाह्रो भएको बताउनु भयो । यसरी वडा कार्यालयबाट भुकम्प पछि राहत सामग्री वितरण गरिएको थियो ।

### ५.१३ वडा कार्यालयले कति पछि राहत वितरण गर्‍यो

भूकम्प पछिको समयमा वडा कार्यालयले भूकम्प प्रभावित व्यक्तिहरूलाई राहत सामग्री उपलव्ध गराएको थियो । यसरी वडा कार्यालय सरकारी निकाय अन्तर्गत पर्ने हुँदा सरकारले कति समयको अवधिमा भूकम्प पिडीत मानिसहरूलाईराहत सहयोग/सामग्री वितरण गरेको थियो । सरकारको तल्लो निकाय वडा कार्यालयबाट विभिन्न प्रकारको राहत सामग्री वितरण भएको थियो ।

वडा कार्यालय राहत सामग्री वितरण गरिएको थियो तर राहत सामग्री वितरण गर्न कति समयपछि आयो भन्ने सन्दर्भमा वडा कार्यालय राहत सामग्री वितरण गर्न भुकम्प गएको १ हप्ता पछि भुकम्प पिडित समक्ष पुगेको थियो । यसरी केही समयपछि भएपनि वडा कार्यालयबाट राहत सामग्री प्राप्त गर्न भुकम्प पिडितहरु सफल भए । सरकारी

निकायहरु राहत वितरण गर्न तत्कालै जान सकेनन् । तत्कालै राहत सामग्री वितरण गर्न नसक्नु पछाडी भित्र के के कारण थिए भनि सोध्दा त्यस समयमा वडा कर्मचारीमध्येका एकको भनाइ अनुसार "

यसरी सरकारी निकायहरु राजनैतिक प्रभावमा परी राहत वितरण कार्य गरेको भुकम्प पिडितहरुले बताए । खासगरी त्यस समयमा कुनै पनि राजनैतिक दलका प्रतिनिधिहरु भुकम्प प्रभावित क्षेत्रमा आएका थिएनन् । तर पनि उनीहरुले राहत वितरण कार्यमा प्रभाव पारेको थियो । यसै सन्दर्भमा एक पिडित व्यक्ति निशा कार्कीका अनुसार "

यसरी आफ्ना कार्यकर्ताहरुलाई विशेष ध्यान दिँदा केही मात्रामा गैर पिडितहरु पनि राहत सामग्री प्राप्त गरे ।

५.१४भूकम्प पछिको वर्ग

भूकम्प गएको केही समयपछि सरकारले भूकम्प पिडीतहरूलाई विभिन्न वर्गमा वर्गीकरण गरेको थियो । त्यस समयमा भूकम्पले पिडीत व्यक्तिहरूको घरलाई कत्तिको असर/प्रभाव पारेको थियो त्यसको आधारमा वर्गीकरण गरिएको छ । त्यस समयमा पूर्ण क्षति भएकोलाई 'क' वर्गमा र इन्जिनियरको अध्ययनपछि बस्न नमिल्नेलाई 'क'/'ख' विभिन्न वर्गमा वर्गीकरण गरेको थियो । भूकम्पछि सरकारी इन्जीनियरको अध्ययनलाई आधार मानि विभिन्न वर्गमा वगीृकरण गरेका थिए । यसरी भूकम्प पछि तपाइँ कुन वर्गमा पर्नुभएको छ भनि सोध्दा यस्तो विवरण पाइयो ।

तालिका नं. ५.१

कुन वर्गमा हौ

| क्र.सं. | वर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | क | २० | ८० |
| २. | ख | ४ | १६ |
| ३. | घ | १ | ४ |
| | जम्मा: | २५ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७४ ।

यहाँ, २५ मध्ये २० अर्थात् ८० प्रतिशत 'क' वर्गमा, ४ अर्थात् १६ प्रतिशत 'ख' वर्गमा र १ अर्थात् ४ प्रतिशत 'घ' वर्गमा समावेश छन् । 'ग' वर्गमा कोही पनि समावेश

छैनन् । यसरी बहुसंख्यक भूकम्प पिडीतहरूको घर/भौतिक संरचनामा पूर्ण क्षति भएको देखिन्छ ।

### ५.१५ पुनर्निर्माणको किस्ता प्राप्त

भूकम्प पछि विभिन्न वर्गमा वर्गीकरण गरेपछि सरकारले त्यस्ता भूकम्प पिडीतहरूलाई पुनःनिर्माणको लागि किस्ता दिने गर्दछ । सरकारले ३ चरणमा गरी घर निर्माणको लागि किस्ता दिने गर्दछ । यसरी सरकारले दिने भनिएको किस्ता भूकम्प पिडीतहरूले पाए त भन्ने सन्दर्भमा हेर्दा यस्तो वितरण पाइयो ।

तालिका नं. ५.२

किस्ता प्राप्त

| क्र.सं. | किस्ता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पहिलो | १५ | ६० |
| २. | दोस्रो | ५ | २० |
| ३. | छैन | ५ | २० |
| | जम्माः | २५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७४ ।

यहाँ, २५ मध्ये १५ अर्थात ६० प्रतिशतले पहिलो किस्ता पाएको, ५ अर्थात् २० प्रतिशतले दोस्रो किस्ता पाएको र ५ अर्थात् २० प्रतिशतले कुनै किस्ता पनि पाउन नसकेको विवरण पाइयो । किस्ता नपाउनुको पछाडि उनीहरूले आवश्यक कागजपत्र पेश नगरेको, घर कहाँ बनाउने हो त्यसको सोच गर्न नसक्नु नै मुख्य कारण हो । यस्तै १५ अर्थात् ६० प्रतिशतले पहिलो किस्ता लिए पनि दोस्रो किस्ता नलिनुमा उनीहरूले पहिलो किस्ताबाट प्राप्त रकमले गर्नुपर्ने काम गर्न नसकेको कारण दोस्रो किस्ता नपाउको हो । यस्तै गरी दोस्रो किस्ता लिएकाहरूले तेस्रो किस्ताको लागि प्रक्रिया अगाडि बढाएका छन् । ८० प्रतिशतले भूकम्प पछि सरकारले भूकम्प पिडीतहरूलाई दिने किस्ता प्राप्त गरेका छन् । भूकम्प पछि सरकारले भूकम्प पिडीतहरूलाई दिने किस्ता किस्ता बहुसंख्यक भूकम्प पिडीतहरूले प्राप्त गरेका छन् ।

५.१६ किस्ता लिन समस्या आए

भूकम्प पिडीत व्यक्तिहरूलाई विभिन्न वर्गमा वर्गीकरण गरेपछि सरकारले ति पिडीतहरूलाई ३ तहमा किस्ता दिने गर्दछ । यसरी सरकारले दिने विभिन्न तहको किस्ता भूकम्प पिडीत मानिसहरूले प्राप्त गरे । यसरी विभिन्न तहको किस्ता लिंदा समस्याहरू आए त भनि हेर्दा यस्तो विवरण पाइयो ।

तालिका नं. ५.३

किस्ता लिंदा समस्या आए

| क्र.सं. | समस्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सजिलै | १५ | ७५ |
| २. | झन्झट | ५ | २५ |
| | जम्माः | २५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७४ ।

यहाँ, २० मध्ये १५ अर्थात् ७५ प्रतिशतले सरकारले दिने किस्ता पाउन सजिलो भएको र ५ अर्थात् २५ प्रतिशतले सरकारले दिने किस्ता लिंदा धेरै झन्झट भोग्नु परेको राय व्यक्ति गरे । कागजपत्र पूरा गरेपछि सजिलै पाएको पाइयो । यस्तैगरी कागज पत्र पूरा नहुँदा सबै कुराको ज्ञान नहुँदा झन्झट भोग्नु परेको पाइयो । यसरी ७५ प्रतिशतले भूकम्प पछि भूकम्प पिडीतहरूलाई दिने किस्ता सजिलै प्राप्त गरे । यसरी भूकम्प पिडीतहरूलाई सरकारले दिने विभिन्न तहको किस्ता बहुसंख्यक भूकम्प पिडितले सजिलै प्राप्त गरेको पाइयो ।

# अध्यायछ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

भुकम्पछि विभिन्नसरकारी निजीलगायतका विभिन्न संघसंस्थाहरुले भुकम्प पीडितहरुलाई विभिन्न प्रकारका राहत रसामग्री सहयोग गरेका थिए । भुकम्प पछिको २ हप्ता सम्मको अवधिमा विभिन्न सामाजिक संघसंस्था, सरकारी निकायहरुले खाद्यान्न,त्रिपाल, कम्बल लगायतका राहत सामग्री दिएर सहयोग गरेका थिए । तत्कालीन समयमा भुकम्प पिडीतहरुलाई सहज रुपमा जिवन सञ्चालन गर्नका लागी विभिन्न प्रकारका राहत सामाग्री आवश्यक परेको थियो । त्यस अवस्थामा जिवन सञ्चालनगर्नका लागी विभिन्न संघ, संस्थाहरुले राहत सामाग्री वितरण गरेका थिए । २ हप्ता सम्मको अवधिमा त्यहाँ क्रियाशिल कुनै पनि राजनैतिक दलका प्रतिनिधिहरु भुकम्प पिडीत समक्ष पूग्न सकेका थिएनन् ।

यस्तैगरी भुकम्प गएको २ हप्तासम्ममा विभिन्न सामाजिक संघ संस्थाहले विभिन्न प्रकारको साहत सामाग्री वितरण गरेका थिए । त्यस समयमा छिमेकी, लुमन्ती लगायतका अन्य संघसंस्थाहरुबाट बहुसंख्यक भुकम्प पिडितहरुलाई राहत सामाग्री वितरण गरेका थिए । तत्कालीन समयाम नातेदार, गुठी संस्थाले भुकम्प पिडीतहरुलाई सहयोग गर्न सकेनन् । नातेदार, गुठी संस्था वा प्रतिनिधि आफै पिडीत भएका कारणले भुकम्प पिडीत व्यक्तिहरुलाई सहयोग गर्न नसकेका हुन् । त्यस समयमा भुकम्प पिडीतहरुले खाद्यान्न, त्रिपाल, कम्बल, पानी, दन्तमञ्जन लगायतका राहत सामाग्री बहुसंख्यक भुकम्प पिडीतहरुले विभिन्न संघसंस्थाहरुबाट प्राप्त गरेका थिए । यसरी त्यस समयमा केही सामाजिक, नीजी, सरकारी संघसंस्थाहरुले राहत सामाग्री बहुसंख्यक भुकम्प पिडति व्यक्तिहरुलाई वितरण गरेका थिए ।

मैले लिएको २५ जनामध्येका भुकम्प पिडीत व्यक्तिहरुलाई २ हप्ता सम्मको अवधिमा विभिन्न सामाजिक संघसंस्थाले विशेष प्राथमिकतामा राखी राहत वितरण गरेका थिए । त्यस समयमा विशेषतः छिमेकी, लुमन्ती, कवाडी संस्था लगायतका अन्य विभिन्न सामाजिक संघसंस्थाहरुले राहत सामाग्री उपलब्ध गराएका थिए । यि सामाजिक संघसंस्थाले

खाद्यान्न, त्रिपाल, कम्बल, भाडाकुडा, पानी लगायतका राहत सामाग्री भुकम्प गएको २ हप्ता सम्मको समयमा भुकम्प पिडीत व्यक्तिहरुलाई वितरण गरेका थिए ।

यसरी भुकम्प पछिको समयमा भुकम्प पिडीत व्यक्तिहरुलाई विभिन्न सामाजिक संघसंस्था, सरकारी निकाय, स्थानीय निकाय लगायतका संस्थाबाट राहत सामाग्री वितरण गरेका थिए । विभिन्न संघ संस्थाहरुले सबै भुकम्प पिडीतहरुलाई समान/एकै किसिमबाट राहत सामाग्री वितरण गरेका थिए । संघ संस्थाहरुले कसेको प्रभावमा नपरी आफ्नो योजना अनुसार भुकम्पप पिडीतहरुलाई राहत सहयोग वितरण गरेका थिए । त्यस्तै गरी तत्कालीन समयमा जसको भौतिक वस्तुमाथि क्षति नपुगेका व्यक्तिहरु जो गैर पिडीत थिए उनीहरुले भुकम्प पिडीत व्यक्तिहरुलाई बुहसंख्यक गैर पिडीतहरुले सहयोग गरेका थिए ।

त्यस समयमा सरकारी निकायबाट पनि राहत वितरण कार्य भएको थियो । सरकारी निकायमध्ये सबैभन्दा तल्दो निकाय/जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकाय वडा कार्यालय भएकोले वडा कार्यालयले त्यस समयमा भुकम्प पिडीत व्यक्तिहरुलाई राहत सामाग्री वितरण गरेको थियो । वडा कार्यालयले त्यस समयमा भुकम्प पिडीत व्यक्तिहरुलाई खाद्यान्न, त्रिपाल, कम्बल, भाँडाकुँडा, औषधी, आर्थिक, पानी लगायतका राहत सामग्री बहुसंख्यक भुकम्प प्रभावित मानिसहरुले प्राप्त गरे । वडा कार्यालयबाट प्रदान गरिएको राहत सामाग्री भुकम्प पिडीतहरुले तत्कालै नपाएर भुकम्प गएको १ हप्तादेखि २ हप्ताको बिचमा प्राप्त गरेका थिए । यसरी सरकारी निकायले दिएको राहत सामाग्री बहुसंख्यक भुकम्प पिडीत व्यक्तिहरुले प्राप्त गरे ।

यस्तैगरी भुकम्प गएको तत्कालीन समयमा त्यहाँ अवस्थीत राजनैतिक दलका प्रतिनिधिहरु भुकम्प प्रभावित/पिडित व्यक्तिहरु समक्ष पुग्न सकेका थिएनन् । त्यस समयमा त्यहाँ क्रियाशिल राजनैतिक दलका प्रतिनिधीहरु पुग्न नसकेका कारण त्यहाँ वितरण भएको राहत कार्यमा राजनैतिक प्रभाव नपरेको हो । त्यहाँ अवस्थित राजनैतिक दलका स्थानीय प्रतिनिधिहरु राहकत वितरण कार्यमा चासो देखाएको पाइँदैन । उनीहरु आफै पिडीत भएर वा उनीहरु तत्कालिन समयमा त्यहाँ कार्यमा चासो नदेखाएर हो, उनीहरु राहत वितरण

कार्यमा सहभागी भएनन् । भुकम्प गएको २ हप्ता सम्म त्यहाँ अबस्थीत राजनैतिक दलका स्थानीय प्रतिनिधिहरु भुकम्प पिडीत त्यक्तिहरुप्रति उत्तरदाइत्व नभएको पाइयो ।

यस्तैगरी भुकम्प गएको केही समयमपछि सरकारले भुकम्प प्रभावित व्यक्तिहरुलाई विभिन्न वर्गमा वर्गीकरण गरेको छ । विभिन्न वर्गमा वर्गीकरण भएका व्यक्तिहरुले पुननिर्माणको लागी प्राप्त गर्ने विभिन्न किस्ता मध्ये बहुसंख्यकले पहिलो किस्ता प्राप्त गरेका छन् । केही भुकम्प पिडीत व्यक्तिहरुले दोश्रो किस्ता प्राप्त गरेका छन् भने तेश्रो किस्ता कसैले पनि प्राप्त गरेका छैनन् । यसरी सरकारले किस्ता प्राप्त गर्न जुन मापदण्ड तयार पारेको छ त्यो मापदण्ड पूरा नगरेको कारण भुकम्प पिडीतहरुले दोश्रो/तेश्रो किस्ता पाउन/लिन सकेका छैनन् ।

## ६.२ निष्कर्ष

भुकम्प पछिको समयमा विभिन्न सरकारी, निजी, विदेशी लगायतका विभिन्न संघसंस्थाहरुले भुकम्प पिडीतहरुलाई विभिन्न प्रकारका राहत सामग्री वितरण गरेका थिए । भुकम्प गएको २ हप्ता सम्मको अबिधमा साद्यान्न, त्रिपाल, कम्बल, पानी, औषधी, लगायतका राहत सामाग्री भुकम्प पिडीत व्यक्तिहरुलाई वितरण गरेका थिए । भुकम्प गएको समयमा त्यहाँ अवस्थित विभिन्न राजनैतिक दलका स्थानीय प्रतिनिधिहरु भुकम्प पिडीत समक्ष पुग्न सकेका थिएन । राजनैतिक दलको राहत वितरण कार्यमा सहयोगी भुमिका रहन सकेन । राजनेतिक दलले राहत वितरण गर्ने विभिन्न संघ संस्थाहरुलाई राहत वितरण कार्यमा सहयोग गरेनन् । यस्तैगरी सरकारी निकायहरु मध्ये वडा कार्यालय बाहेक अरु निकायहरुले भुकम्प गएको समयमा भुकम्प पिडीत व्यक्तिहरुलाई राहत सहयोग/सामाग्री वितरण गर्न सकेनन् । त्यस्तै गरी वडा कार्यालयले पनि तत्कालै नगरी भुकम्प गएको १ हप्ता पछि राहत सहयोग/सामाग्री वितरण गरेको थियो । यसरी भुकम्पपछि बहुसंख्यक भुकम्प पिडीतहरुले विभिन्न संघसंस्था, सरकारी निकाय र सामाजिक संघसंस्थाहरुले भुकम्प पिडीत व्यक्तिहरुलाइ सहयोग गरे भने जो भुकम्पबाट पिडीत नभएका व्यक्तिहरु जो गैरपिडीत थिए उनीहरुले पनि भुकम्प पिडीत व्यक्तिहरुलाई सहयोगी भुमिका निर्वाह गरेका थिए । गैर पिडीतहरुले भुकम्प पिडीतहरुलाई तत्कालै नै सहयोग गरेका थिए । पहिला

गरिएको अनुसन्धानकार देखिएको विषयवस्तुहरु जस्तै तत्कालै सरकारी पक्ष/निजी लगायतका पक्षहरुले भूकम्प पीडितहरुले राहत सहयोग प्रयाप्त गर्न सकेनन् । त्यस समयमा पाउनुपर्ने सेवा सुविधाहरु पनि पीडितहरुले समयमै नपाएको अवस्था देखियो । यसरी तत्कालै सरकार लगायत अन्य संस्थाहरुको सहयोग प्रभावकारी हुन सकेको छैन तर बढीले भएपनि सरकारी र अन्य निजी विभिन्न संघ संस्थाहरुले केही हदसम्म भएपनि राहत सामग्री उपलब्ध गरार सहयोगी भूमिका निर्वाह गरेका छन् ।

# सन्दर्भ सामग्रीहरू


अख्तियार दुरूपयोग अनुसन्धान आयोग । २०७२ । *अध्ययन प्रतिवेदन* । मंसीर ।

*अन्नपूर्ण पोष्ट* । २०७२ 'ख' । राहत र कालो बजारी ।जेठ पृ. ६ ।

उप्रेती, डा.त्रिलोचन । २०७२ । २०७२ के भूकम्प । पैरवी पुस्तक भण्डार, पुतलीसडक काठमाडौं ।

खनाल, प्रा. कृष्ण । २०७२ । विपद्मा जनता, उद्धार र राहतका चुनौती । *कान्तिपुर* । ३० वैशाख पृ. ६ ।

बस्याल, प्रदीप । २०७२ । न राहत न उद्धार । नेपाल ३ जेठ पृष्ठ ३८- ३९ ।

ब्रह्मशम्शेर । २०१५ । *नेपालको महाभूकम्प १९९०* । पब्लिकेसन नेपाल लय, कालिकास्थान, काठमाडौं ।

Claywell, R, Charlie. (1980). *What is Social network Theory ?*

Danielle M. Varda, Rich Forgette David Banks (2009). *Social Network Methodology in the Study of Disaster: Issues and Insihgt.*gEneva : Post-Katrina Research.

http:// Social network. love to know.com/ what-is-social Network - Theory.Knoke, D., Social Network. Oxford, Bibliographies (2075).

Koirala, Hridayalal (2006)."Livelihood Pattern, adoptive strategy and sustainability of communities in Southern Valley of Nepal Himalaya". Unpublished Ph.D. Dissertatioin Unviersity of Gauhati, India.

Mishra, C. (2015). *Do Earthwuake Kill ?*Kathmandu : The Kathmandu Post.

Morge, P.R. and Contractor, N.S. (2003).*Theories of Communication Networks.* New York : Oxford.

M. Saffer, S.P. Anbudayasankar, Kartik, Balkumar, K. Ganesh, (2014). *Analyzing Transportation and Distributioin in Emergency Humanitarian Logistics.*

Oleson, Virgninia, L. (1992). "Extraordinary Events and Mundane Ailments: The Contextual Dialectics of the Embodied Self". Pp.205-220 in Investigating subjectivity, edited by Carolyn Eliss and Micheall G. Flaherty. Newbuy Park, CA: Sages.

Quarantelli, E.L. and Rusell, R.D. (1997). "Response to Social Crisis and Disaster". Pp.23-49 in Annual Review of Sociology, edited by Alex Inkeles, James Coleman and Neil Smelser, Palo, Alto, (A). Annual Review.

Redmond, Anthony, D. (2005). "Abel of Conflict and Disaster Natural Disaster". *British Medical Journal*, Vol.330, No.7502, Pp.1259-1261.

The Disaster Handbook 1998, National Editioin Institute of Food and Agricultural Sciences (1998). *The Role of Government in a Disaster*. University of India.

"The Haiti Earthquake of 2010: The Policies of Natural Disaster March"*Journal of Black Studies*, Vol. 42. No. 2 2011, Pp. 158-185.

www.ifrc.org/en/ what-we-do/disaster-Management/about-disaster/what-is-a-disaster. 2075

www. Relief distribution in Dhading. 2017.

Yogesh Raj, Gautam Bhaskar (2015). *Courage in Chaos Early Rescue and Relief After the April Earthwuake*. Martin Chautari.

www.afterearthquakeactivities.org.2074

www.government activities after earthquake, relief distribution 2075.

www.relief distribution after earthquake, 2075.

www.relief distribution after disaster in Nepal, 2075.

https://social networking theory.org.2075.

www.reliefdistribution.org.20754

## परिशिष्ट १ : प्रश्नवली सूची

नामः

ठेगाना उमेर

सम्पर्क नं. पेशा :

१. भूकम्प पछि तपाइँले राहत सामग्री के के पाउनु भयो ,

क. खाद्यान्न ख) त्रिपाल ग) कम्बल

घ) भाँडाकुँडा ङ) अन्य

२. तपाइँले यो राहत सामग्री कसले उपलब्ध गरायो ?

क. नातेदार ख) छिमेकी ग) गुठी संस्था

घ) व्यक्तिगत ङ) अन्य संस्था

३. भूकम्प पछि तत्काल राहत सामग्री पाउनु भयो ?

क. तत्कालै ख) १/२ दिन पछि ग) १ हप्ता पछि

४. तपाइँलाई सबैभन्दा पहिले राहत सामग्री कसले उपलब्ध गरायो ?

क. नातेदार ख) छिमेकी ग) गुठी संस्था

घ) व्यक्तिगत ङ) अन्य संस्था

५. भूकम्प पछिको समयमा कुन कुन सामाजिक संघसंस्थाले राहत वितरण कार्य गरे ?

क) नातेदार ख) छिमेकी ग) गुठी संस्था घ) व्यक्तिगत ङ) अन्य संस्था

६. यी सामाजिक संघसंस्थाले कस्तो प्रकरको राहत वितरण गरे ?

क. खाद्यान्न ख) त्रिपाल ग) कम्बल

घ) भाँडाकुँडा ङ) अन्य

७. भूकम्पको कति समय पछि संघसंस्थाको सहयोग पाउनु भयो ?

क. तत्कालै ख) १/२ दिन पछि ग) १ हप्ता पछि

८. के तपाइँ भूकम्पबाट प्रभावित भएको समयमा राजनैतिक दलका प्रतिनिधिहरु आएका थिए ?

क) थिए ख) थिएनन

९. राजनैतिक दलका नेताहरुले राहत सामग्री ल्याएर सहयोग गरे ?

क) गरे ख) गरेनन्

१०. कस्तो प्रकारको राहत सामग्री ल्याएका थिए ?

क. खाद्यान्न ख) त्रिपाल ग) कम्बल

घ) भाँडाकुँडा ङ) अन्य

११. कति समयपछि राजनैतिक दलका नेताहरु/प्रतिनिधिहरु आएका थिए ?

क. तत्कालै ख) १/२ दिन पछि ग) १ हप्ता पछि

१२. राहत वितरणमा राजनैतिक दलको भूमिकालाई कस्तो मूल्याङ्कन गर्नुहुन्छ ?

क) राम्रो ख) मध्यम ग) नराम्रो

१३. राहत वितरण कार्य राजनैतिक आधारमा प्रभावित थियो ?

क) थियो ख) थिएन ग) केही मात्रामा

१४. सामाजिक संघसंस्था र राजनैतिक दलका प्रतिनिधिहरु संयुक्त रुपमा राहत वितरण कार्यमा लागेका थिए ?

क) थिए ख) थिएनन ग) केही मात्रामा

१५. राजनैतिक दलले राहत सामग्री वितरण गर्दा राहत सामग्री सबैलाई एक रुपमा वितरण गरेका थिए ?

क) थिए ख) एिनन ग) केही मात्रामा

१६. पिडित सबैलाई समान रुपमा राहत सामग्री वितरण भएको थियो ?

क) थियो ख) थिएन

१७. गैर पिडितले पिडितलाई सहयोग गरेका थिए ?

क) थिए ख) थिएनन्

१८. कै राजनैतिक शक्तिका आधारमा गैर पिडितले राहत सामग्री पाएका थिएन ?

क) थिए ख) थिएनन्

१९. सबैभन्दा पहिला राहत सामग्री कुन सरकारी निकायबाट पाउनु भयो ?

क) वडा कार्यादलय ख) जिल्ला विकास कार्यालय
ग) जिल्ला दैविक प्रकोप उद्धार कार्यालय

२०. वडा कार्यालयबाट तपाईँलाई राहत सामग्री उपलब्ध भएको थियो ?

क) थियो ख) थिएन

२१. वडा कार्यालयबाट कस्तो खालको राहत सामग्री उपलब्ध भयो ?

क. खाद्यान्न ख) त्रिपाल ग) कम्बल

घ) भाँडाकुँडा ङ) अन्य

२२. कति समय पछि वडा कार्यालयबाट राहत सामग्री पाउनु भयो ?८

क) तत्कालै ख) १/२ दिन पछि ग) १ हप्ता पछि

२३. जिल्ला दैवी प्रकोप उद्धार कार्यालयबाट कस्तो खालको राहत सामग्री पाउनु भयो ?

क. खाद्यान्न ख) त्रिपाल ग) कम्बल

घ) भाँडाकुँडा ङ) अन्य

२४. जिल्ला दैवि प्रकोप उद्धार कार्यालयबाट कति समय पछि सहयोग पाउनु भयो ?

क) तत्कालै ख) १/२ दिन पछि ग) १ हप्ता पछि

२५. सरकारी निकायका प्रतिनिधिलाई राजनैतिक दलका स्थानीय प्रतिनिधिहरुले सहयोग गरेका थिए ?

क) थिए ख) केहि मात्रामा ग) थिएनन

२६. के सरकारी निकायले पनि राजनैतिक प्रभावका आधारमा राहत वितरण गरेका थिए ?

क) थिए ख) केहि मात्रामा ग) थिएनन्

२७. सरकारी निकायले पनि राजैतिक प्रभावमा पारि गैर पिडितलाई सहयोग गरेका थिए ?

क) थिए ख) केहि मात्रामा ग) थिएनन्

२८. सरकारी निकाय र स्थानीय निकाय बीच राहत वितरण कार्यमा फरक पाउनु भएको थियो त ?

क) थियो ख) केहि मात्रामा ग) थिएन

२९. तपाइँ सरकारले वर्गीकरण गरेको भूकम्प पिडितहरु मध्य कुन वर्गमा पर्नुहुन्छ ?

क) क ख) ख ग) ग घ) घ

३०. सरकारले पुननिर्माणको लागि दिएको रकमको कति किस्ता पाउनु भयो ?

क) पहिलो ख) दोस्रो ग) तेस्रो

३१. पुननिर्माण रकमको किस्ता लिन के कस्ता समस्या/झन्झट भोग्नु भएको छ ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

समाप्त